जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

वर्ष ६ अंक ३३, २०७४ साल मंसिर २२ गते शुक्रबार, नेपाल संवत् ११३८ (Dec. 8, 2017) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## आरोप-प्रत्यारोपमा दल

काठमाडौं । प्रदेश र प्रतिनिधिसभा दोस्रो चरणको निर्वाचनमा मतदानपछि पनि प्रमुख दलका शीर्ष नेताहरु आरोप-प्रत्यारोपमै व्यस्त छन् । प्रधानमन्त्रीसमेत रहेका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले नेकपा एमाले अध्यक्ष केपी ओलीले निर्वाचन सकिएपछि पनि चुनाव सार्दै छ भन्नेछन् भनेर ओलीको आलोचना गरे । भक्तपुरमा मतदानपछि अध्यक्ष ओलीले पनि पटकपटक स्थानीय तहको निर्वाचन सारिनु, मतपत्र छाप्न नभ्याउने समस्या खडा गरेर अदालतमा लैजानुबाट देउवाको निर्वाचन सार्ने मनसाय रहेको भन्दै चुनाव बाँकी ८ पेजमा

## गगनलाई लक्षित गरी बम विस्फोट

काठमाडौं । चुनाव प्रचारप्रसारका क्रममा नेपाली काँग्रेसका केन्द्रीय सदस्य एवं काठमाडौं क्षेत्र नं ४ का प्रतिनिधिसभा उम्मेदवार गगनकुमार थापामाथि बम प्रहार भएको छ ।

घटनामा उम्मेदवार थापासहित ११ जना घाइते भएका छन् । बूढानीलकण्ठ नगरपालिका-२ चपलीमा घरदैलो गरिरहेका बेला अज्ञात समूहले थापालाई केन्द्रित गरी बम प्रहार गरेको महानगरीय प्रहरी परिसर काठमाडौंका प्रमुख, बरिष्ठ प्रहरी उपरीक्षक रबीन्द्र धानुकले जानकारी बाँकी ८ पेजमा

# उत्साहपूर्ण निर्वाचन, वाम गठबन्धनको अग्रता



मुलुकलाई लामो संक्रमणकालबाट निकालेर नयाँ युगमा प्रवेश गराउने उद्घोष गरिएको प्रदेशसभा र प्रतिनिधिसिभा निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भएको छ । १० गतेबाट नै बाकसमा बन्द भएको जनादेशको ताला २१ गते बेलुका ५ बजेबाट खुला भएर उम्मेदवारहरुको भाग्यको फैसला हुन थाल्यो भने दोस्रो चरणको निर्वाचनको समेत मतगणना तीव्र रुपमा अघि बढिरहेको छ । मत गणनाको प्रारम्भिक नतिजाअनुसार वाम गठबन्धनको दबदबा सबैतिर देखिएको छ भने लोकतान्त्रिक गठबन्धन धराशायी अवस्थामा पुगेको छ । बिहानीले दिनको संकेत गर्छ भनेझैं विजयी भएका नतिजा र मत गणनाका विवरणहरु हेर्दा वाम गठबन्धनले बहुमत हासिल गर्ने सम्भावना प्रबल भएको छ ।

नयाँ संविधान कार्यान्वयनको प्रमुखका कार्यभारका रुपमा रहेको प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन सहज रुपमा सम्पन्न होला नहोला भन्ने थुप्रै शंका, उपशंका निर्वाचनका पूर्वसन्ध्यामा व्याप्त भएका थिए । खासगरी मुलुकभर उम्मेदवार लक्षित गरेर भएका वाम विस्फोटका घटनाले निर्वाचन सुरक्षामा गम्भीर चुनौती पैदा भएको थियो । लोकतान्त्रिक अभ्यासको माध्यमबाट परिवर्तन असम्भव देख्ने र मुलुकलाई विखण्डनको बाटोमा लैजान उद्वेलित तत्वहरुले गराएका आततायीपूर्ण घटनालाई चिर्दै निर्वाचन छिटफुट घटनाबाहेक शान्तिपूर्ण रुपमा सम्पन्न भएको छ । निर्वाचन आयोगका अनुसार ४५ जिल्लामा शान्तिपूर्ण रुपमा मतदान सम्पन्न भएको छ । पछिल्लो चरणको मतदानसँगै सातै प्रदेश र प्रतिनिधिसभा र प्रदेशसभाका निर्वाचन सकिएको छ । आयोगले सबै जिल्लामा निर्वाचन शान्तिपूर्ण र उत्साहजनक ढंग र मतदाताको व्यापक सहभागितामा सम्पन्न भएको बताएको छ । निर्वाचनमा ६७ प्रतिशत मतदाताले मतदान गरेका छन् । पहिलो चरणको निर्वाचनभन्दा दुई प्रतिशत बढी मतदान भएको छ ।

निर्वाचन आयोगका अनुसार प्रतिनिधि सभाका १६५ र प्रदेशसभाका ३३० सिटमध्ये दोस्रो चरणमा प्रतिनिधिसभाका १२८ र प्रदेशसभाका २५६ सिटका लागि मतदान भएको थियो । निर्वाचनमा प्रतिनिधिसभातर्फ २ हजार ८ सय १९ उम्मेदवार चुनावी मैदानमा उत्रिएका थिए । समानुपातिकतर्फ भने प्रतिनिधिसभाका १ सय १० र प्रदेशसभाका २ सय २० पदका लागि ५ हजार ८ सय ३८ जना उम्मेदवारहरु प्रतिस्पर्धामा रहेका छन् ।

निर्वाचनमा शताब्दी पार गरेका मतदाता सहभागी भएर उत्साह थपेका छन् । आफ्नो पालामा मुलुक समृद्ध नबने पनि छोरा, नाति पुस्ताको भविष्य बन्ने आशामा मुलुकभरका विभिन्न मतदान केन्द्रहरुमा सय वर्ष पार गरेकाले समेत मतदान गरेका छन् । कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका २ लक्ष्मीपुरका११५ वर्षीय जंगलीदेवी चौधरीदेखि लिएर बारा जितपुर सिमराकी १०५ वर्षीय पवित्रा उपाध्यायसम्मले मतदान गरेका छन् । डडेलधुरा अमरगढी नगरपालिका ३ मा १ सय १९ वर्षीय पार्वतीदेवी खड्का लगायत सय वर्ष कटेका थुप्रै हजुरबा हजुरआमाहरुले देशका विभिन्न मतदान केन्द्रहरुमा पुगेर मतदान गरेका खबर प्राप्त भएका छन् । १८ वर्ष उमेर पुगेर पहिलोपल्ट मतदान गर्ने युवा मतदाताहरुको पनि निर्वाचनमा उल्साहपूर्ण ढंगको सहभागिता भएको छ ।

**पैसा र गुण्डाको प्रयोग**

निर्वाचनमा पैसा र गुण्डाको अत्यधिक प्रयोग भएको छ । लोकतन्त्रको सर्वोत्तम र सुन्दर पक्ष निर्वाचन भए तापनि यसलाई ठूला गठबन्धनका उम्मेदवार र अन्य केही दलका उम्मेदवारहरुले पैसा र गुण्डागर्दीको प्रयोगले विकृत र विसंगतिपूर्ण बनाएका छन् । विभिन्न ठाउँमा भएका ठूला भोजभतेर र मौन अवधिमा पैसाका बिटा बोकेर हिंड्ने उम्मेदवार र तिनका प्रतिनिधि पक्राउ परेका घटना मिडियाहरुमा छताछुल्ल भएर सार्वजनिक भएका छन् । निर्वाचन आयोगले सप्रमाण आचारसंहिता विपरीतका क्रियाकलापमा संलग्न व्यक्तिहरुबारे जानकारी पाउँदा पनि कारबाही गर्न सकेन । पैसा बाँड्न जानेलाई जनताले पाता कसेर फर्काएका तस्बिरहरु पनि बाहिर आइसकेका छन् । त्यसैगरी मतदाताहरुलाई धम्क्याउने, तर्साउने खालका क्रियाकलाप गुण्डाको प्रयोगद्वारा गरिएका छन् भने दीपक मनांगे जस्ता डनहरु समेत संसदको रुपमा विराजमान हुने अवस्था आउनुमा निर्वाचनका खेलाडी मानिने ठूला दलकाहरु जिम्मेरा देखिन्छन् । वर्तमान निर्वाचन प्रणालीमा छिरेर विचार र सिद्धान्तको राजनीति गर्छु भन्नेहरुका लागि करोडौं खर्च गर्नुपर्ने निर्वाचन आकासको फल सावित भएको छ । वाम गठबन्धन, लोकतान्त्रिक गठबन्धन र विवेकशील साझाका उम्मेदवारहरुले खर्च गरेको अत्यधिक रकमको स्रोतबारे पनि गम्भीर प्रश्न उठेको छ ।

**कांग्रेसको पत्तासाफ**

निर्वाचनको प्रारम्भिक नतिजा र मतगणना स्थलबाट सार्वजनिक भएका विवरणहरु बाँकी ८ पेजमा

## स्थायित्वको आशामा निजी क्षेत्र

काठमाडौं । प्रतिनिधिसभा तथा प्रदेशसभा अन्तर्गतको बिहीबार सम्पन्न भएको निर्वाचनपछि मुलुकमा स्थायित्व आउने अपेक्षा निजी क्षेत्रले गरेको छ । उद्योग, व्यवसाय क्षेत्रमा संलग्न व्यवसायीहरुले मुलुकका विभिन्न ठाउँबाट मतदान गर्दै सञ्चारकर्मीहरुको जिज्ञासामा आर्थिक समृद्धिको लागि स्थायित्वको खाँचो रहेको प्रतिक्रिया व्यक्त गरेका छन् । व्यवसायीहरुले अब जुनसुकै दलको सरकार भए पनि स्थायी हुनुपर्नेमा जोड दिएका छन् ।

नेपालगन्ज उपमहानगरपालिका १० को वन विभाग केन्द्रबाट मतदान गरेकी नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष भवानी राणाले प्रतिक्रिया व्यक्त गर्दै 'यो निर्वाचन ऐतिहासिक तथा महत्वपूर्ण भएकाले अब मुलुकमा स्थायी सरकार आउने र आर्थिक समृद्धिको ढोका खोल्नेतर्फ काम हुने' विश्वास व्यक्त गरेकी छन् । सबै राजनीतिक दलहरुले आर्थिक एजेन्डालाई नै जोड दिएकाले पक्कै पनि मुलुक आर्थिक समृद्धिमा अगाडि बढ्न सक्ने विश्वास उनले व्यक्त गरेकी छन् ।

नेपालकै एक मात्र अर्बपतिमा सूचीकृत भएका उद्योगपति विनोद चौधरीले नवलपुरको देवचुली नगरपालिका २ बाट मतदान गरेका छन् । नेपाली कांग्रेसको तर्फबाट प्रतिनिधि सभामा समानुपातिक उम्मेदवार समेत रहेका चौधरीले प्रतिक्रिया व्यक्त गर्दै अहिले देशैभरका मतदाताले विकास र आर्थिक समृद्धिको चाहना प्रकट गरेको र आफू र आफ्नो पार्टी नेपाली कांग्रेसले तयार पारेको आर्थिक विकासको मार्गचित्र अनुसार अघि बढ्दैल आगामी पाँच वर्षभित्रमा मुलुकलाई स्वर्ण युगमा प्रवेश गराउने बताएका छन् । कतिपय व्यवसायी र ठेकेदारहरु समेत आफैं चुनावी मैदानमा उत्रिएको यो निर्वाचनपछि मुलुक आर्थिक समृद्धितर्फ जाने अपेक्षा व्यवसायीहरुले गरेका छन् ।

## सामाजिक सुरक्षा बोर्ड गठनको आदेश

काठमाडौं । नेपाली जनता चरम गरिबीको दुई चक्रमा फसिरहेको तथ्य छर्लंग छ । केही हजार व्यक्तिहरु अत्यन्तै धनी बनेका छन् भने मध्यमवर्गीय परिवारको संख्या ठूलो छ । गरिबीको कारण गाँस, बास, कपासको अभावमा कष्टकर जीवनयापन गर्नेहरु गाउँ, सहर सबैतिर देख्न सकिन्छ । यस्तो कष्टकर जीवन यापन गरिरहने नागरिकहरुको भरण, पोषण र बसोबासको पर्याप्त व्यवस्था गर्न संघ र प्रत्येक प्रदेशमा सामाजिक सुरक्षा बोर्ड गठन गर्ने कार्य तत्काल सुरु गर्न सर्वोच्च अदालतले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई आदेश दिएको छ ।

सर्वोच्चका न्यायाधीशहरु दीपकराज जोशी र देवेन्द्रगोपाल श्रेष्ठको संयुक्त इजलासले संविधान कार्यान्वयनपश्चात् संघीय सरकार र प्रदेश सरकारको मातहतमा रहने गरी छुट्टाछुट्टै सामाजिक



सुरक्षा बोर्ड गठन गर्न आदेश दिएको हो । अधिवक्ता राजुप्रसाद चापागाईं समेतले मुलुकी ऐन गरिब कंगालको महलमा रहेका प्रावधानहरु कार्यान्वयन नभएको भनी त्यसलाई लागू गर्न आदेशको माग गर्दै दायर रिट निवेदनमा सर्वोच्चले उक्त आदेश गरेको हो ।

यसैगरी सरकारले सञ्चालन गरिआएका गरिबी निवारण कोष, गरिबसँग विश्वेश्वर जस्ता गरिबी निवारण लक्षित कार्यक्रमहरु अन्तर्गत पनि चरम गरिबीको अवस्थामा रहेका नागरिकहरुको यथोचित भरणपोषण र बासस्थानको व्यवस्था गर्नका लागि आवश्यक संस्थागत तथा कानुनी व्यवस्था गर्नका लागि पनि सरकारलाई आदेश दिएको छ ।

सर्वोच्चको आदेश कार्यान्वयन गर्ने वित्तीय स्रोततर्फ पनि सर्वोच्चले सुझाव दिएको छ । सार्वजनिक तथा निजी क्षेत्रमा रोजगारीमा रहेका व्यक्तिहरुको मासिक रुपमा कट्टा गरी आएको सामाजिक सुरक्षा करको केही अंश यो आदेश कार्यान्वयनका लागि प्रयोग गर्न र नपुग रहक सरकारले थप गरी सामाजिक सुरक्षा प्रबनध कोष नामको अर्को कोष व्यवस्था गर्न पनि सर्वोच्चले आदेश दिएको छ । संकटपूर्ण अवस्थामा जीवनयापन गरिरहेका असक्त असहाय नेपाली नागरिकको वास्तविक विवरण संकलन गर्नुपर्ने आदेश पनि सर्वोच्च अदालतले दिएको छ ।

## सार्वजनिक संस्थान आर्थिक संकटमा

काठमाडौं । विगतमा २०४६ सालको राजनीतिक परिवर्तनपछि पश्चिमाहरुको अन्धाधुन्ध नक्कल गर्दै तत्कालीन नेपाली कांग्रेसको सरकारले दर्जनौं सार्वजनिक संस्थान निजीकरण तथा लिक्वीडेशनमा लगेर बन्द गरायो । आयात प्रतिस्थापन तथा रोजगारीको लागि महत्वपूर्ण योगदान पुऱ्याइरहेका सार्वजनिक संस्थाहरु बन्द गरेको तथा निजीकरण गरेको प्रकरणको चर्चा अहिले पनि सेलाएको छैन । बाँसबारी छालाजुत्ता कारखाना, चिया विकास निगम, भक्तपुर तथा हरिसिद्धि इँटा टायल कारखाना, गैंडाकोटको कागज कारखाना, जुट विकास निगम, नेपाल व्यापार कम्पनी, हेटौंडा कपडा उद्योग, बुटवल धागो कारखाना लगायत थुप्रै संसथाहरु बेचबिखन तथा बन्द गराइएका थिए । उपभोक्तालाई सहज सेवा दिने उद्देश्यले खोलिएका यस्ता संस्थाहरुले मूल्य नियन्त्रणमा समेत भूमिका खेलिरहेका हुन्छन् । बाँकी ८ पेजमा

## आयोग नै आचारसंहिता उल्लंघनमा

काठमाडौं । निर्वाचन आयोगले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी र विश्वसनीय ढंगबाट सम्पन्न गर्न निर्वाचन आचारसंहिता जारी गरेको छ । निर्वाचन आचारसंहिता कार्यान्वयन गराउने मुख्य जिम्मेवारी आयोगको हुन्छ । त्यस्तो अधिकार आयोगले निर्वाचन अधिकृतहरुलाई हस्तान्तरण गरेको हुन्छ । आचारसंहिता उल्लंघन गर्नेलाई कारवाही हुने अपेक्षासहित निर्वाचन आयोगमा उजुरी पनि पर्ने गर्छ । मंसीर १० र २१ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका क्रममा निर्वाचन आयोगमा कार्तिक २९ गतेसम्म ६५ वटा उजुरी परेका छन् । त्यस्तो उजुरीहरुमा सबैभन्दा धेरै कर्मचारी सरुवासम्बन्धी छ । त्यसपछि उम्मेदवारले आचारसंहिताले तोकेभन्दा बढी गाडी प्रयोग गरेको, भोजभतेर गरेको र नाराजुलुस गरेको उजुरीहरु छन् । आयोगमा परेका उजुरीमा सबैभन्दा बढी आचारसंहिता उल्लंघन गर्नेमा सरकारी निकाय रहेको देखिन्छ ।

निर्वाचन आयोगले आचारसंहिता पटक पटक दलहरुलाई आचारसंहिता उल्लंघन भएको भन्दै स्पष्टीकरण माग गरे पनि यसबारे आयोग स्वयं स्पष्ट नभएको र सरकार सामू झुकेको कतिपय उदाहरणले प्रस्ट पार्छ ।

सरकार, राजनीतिक दल, मिडिया लगायतलाई आचारसंहिता पालना गर्न आग्रह बाँकी ८ पेजमा

समय-सन्दर्भ |

## बढ्दो पर्यावरणीय जोखिमको चिन्ता

**लीला सिटौला**

पर्यावरण संरक्षण विश्वव्यापी चिन्ताको विषय बन्दै गइरहेको छ । हावा, पानी, घाम यी तत्वहरु मानिस मात्र नभएर सिंगो चराचरका लागि अत्यावश्यक कुराहरु हुन् । प्राणवायुको रुपमा रहेको अक्सिजनबिना मानिस एकैछिन पनि बाँच्न सक्दैन । त्यस्तै पानी र सूर्यको प्रकाश र तापक्रम जीवको अस्तित्वका लागि अत्यावश्यक रहेका छन् । यी अत्यावश्यक तत्वहरुको शुद्धतासँग स्वास्थ्य जोडिएको हुन्छ । यिनै तत्वहरुको सन्तुलन नै पर्यावरण सन्तुलनभित्र पर्छ । एक कोषीय सूक्ष्म जीवदेखि लिएर विशालकाय हात्ती र ह्वेलसम्मलाई जिउनका लागि ठिक्कको पर्यावरणीय सन्तुलन मिल्न



आवश्यक छ । जीवका साथसाथै वनस्पतिलाई पनि हुर्कनका लागि हावा, पानी, तापको उत्तिकै खाँचो रहेको हुन्छ । सम्पूर्ण जीवात्मा र वनस्पतिसँग सोझो सम्बन्ध रहेको वातावरणीय अस्तित्व खलबलिँदा त्यसको प्रत्यक्ष, अप्रत्यक्ष असर सबैतिर परिरहेको हुन्छ । अहिले विश्वव्यापी चिन्ताको विषय रहेको पृथ्वीको बढ्दो तापक्रमका पछि पनि पर्यावरणीय सन्तुलनकै भूमिका हुन्छ । हावापानीमा फैलिएको प्रदूषणले तापक्रम बढाउन भूमिका निर्वाह गरेको छ ।

आज विश्वभर औद्योगिकरणको होडबाजी चलेको छ । औद्योगिक राष्ट्रहरुले निष्काशन गर्ने धूलो, धूवा जस्ता कुराले सूर्यको प्रकाशलाई गम्भीर असर पुऱ्याएको छ । पर्यावरण बिग्रिनाले ओजन तहमा परेको प्वालका कारण सूर्यको विकिरणको प्रभाव पृथ्वीमा परिरहेको छ । पृथ्वीको तापक्रम निरन्तर बढ्नाले पहिलादेखि सन्तुलन मिलिरहेको पर्यावरणमा गम्भीर असर परिरहेको छ । मौसममा फेरबदल, अत्यधिक गर्मी, अत्यधिक जाडो, नसोचेको समयमा वर्षा हिमपात र पानी चाहिने समयमा खडेरी, विभिन्न खाले आँधीतुफान, बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# राजनीतिक स्थिरताको अपेक्षा

मुलुकमा लामो समयसम्म व्याप्त भएको संक्रमणकाललाई प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनले औपचारिक रूपमा विदाइ गर्दै नयाँ प्रक्रियामा प्रवेश गरेको छ । २०६२।०६३ को जनआन्दोलनले उठाएका मुद्दाहरूको संशोधन हुने क्रमबद्ध प्रक्रिया अन्तर्गतको पछिल्लो चरणको लोकतान्त्रिक अभ्याससँगै राजनीतिक रूपमा नयाँ युगको सूत्रपात भएको छ । एक दशक लामो माओवादी जनयुद्ध त्यसपछिको १२ वर्ष लामो राजनीतिक संक्रमणकालले मुलुकलाई आर्थिक रूपमा धराशायी मात्र बनाएन विश्वकै भ्रष्ट र कंगाल राष्ट्रको सूचीमा उभ्याउन पुग्यो । अस्थिरताका कारण ६ महिना ९ महिनामा हुने सरकार गठन र विघटनले विकास निर्माण पूर्णरूपमा प्रभावित बन्न पुग्यो भने मुलुक विदेशीको क्रीडाभूमिमा परिणत हुन पुग्यो । निर्वाचनको सफलताले नयाँ सन्देश बोकेर आएको छ । अब विगतका गल्ती कमजोरीको समीक्षा गर्दै राजनीतिक नेतृत्वले देशलाई स्थिरता र सम्पन्नताको दिशातर्फ लैजान जरूरी छ ।

अहिले पनि विगतमा भएका हिंसा, प्रतिहिंसाका बाछिटाहरू चारैतिर देखिइरहेका छन् । निर्वाचनकै दौरानमा विभिन्न ठाउँमा भएका विस्फोट र जनतालाई आतंकित पार्ने कार्यलाई विगतकै मेटिन नसकेका डोबहरूका रूपमा लिँदा अत्युक्ति नहोला । जनयुद्धको व्यवस्थापन गर्ने कार्यमा थुप्रै असन्तुष्टिहरू पैदा भएका थिए । ती असन्तुष्टिलाई सम्बोधन गरेर सबैलाई समेटेर लाने काम माओवादी नेतृत्वको भए पनि त्यसमा उनीहरू चुकेका छन् । जनताले मुलुककै एक नम्बर राजनीतिक शक्तिको रूपमा माओवादीलाई उभ्याएका थिए । तर माओवादी नेताहरू व्यक्तिगत रूपमा जुँगाको लडाइँ र जनयुद्धको म्यान्डेट विपरीत मोजमस्तीमा भुलेकाले उनीहरूबीच नै फुट पैदा भयो ।

प्रमुख सहयोद्धाहरू बाबुराम भट्टराई, मोहन वैद्य र युवा पुस्ताका सशक्त नेता नेत्रविक्रम चन्दले छुट्टाछुट्टै बाटो पक्रिंदा त्यसको असर तल्लो तहसम्म पुग्यो । सेना समायोजन लगायतमा उपेक्षित भएका छापामारहरू फेरि थोत्रा हतियारको खिया सफा गर्ने अवस्थामा पुग्न लागेको संकेतका रूपमा निर्वाचनमा भएको विस्फोटका घटनाहरूलाई लिन सकिन्छ । अब आउने नयाँ सरकारले गम्भीरतापूर्वक मुलुकलाई पुनः हिंसाको बाटोमा धकेल्न खोज्नेहरूको पहिचान गरी उनीहरूलाई शान्तिपूर्ण बाटोमा हिंडाउने प्रयासको थालनी गर्नुपर्छ । अन्यथा मुलुकमा कहिल्यै नमेटिने र नटुंगिने हिंसा प्रतिहिंसाले झाँगिने मौका पाउँछ । नेपालको परिवर्तनलाई मन नपराउने स्वदेशी, विदेशी शक्तिहरूले पनि हिंसा फैलाउनेहरूलाई मलजल पुऱ्याउने हुनाले यसतर्फ सचेत हुन आवश्यक छ ।

निर्वाचनको परिणामपछि मुलुकले आर्थिक विकासमा फड्को मार्नुपर्छ भन्ने सबैको ध्येय रहेको छ । यस पटकको निर्वाचनमा अधिकांश मतदाताले विकासप्रेमी नेतालाई छान्ने प्रतिबद्धता जाहेर गरेका थिए भने नेताहरूले पनि आफ्ना चुनावी मुद्दा विकासलाई नै बनाएका छन् । बढ्दो जनअपेक्षाको सम्बोधन गर्न कछुवा शैलीको विकासले सम्भव छैन । अहिले कर्मचारीतन्त्रको ढिलासुस्ती र सरकारको लापर्बाहीका कारण विकास बजेटसमेत त्यसै फ्रिज हुने गरेको छ । विकास बजेट पूर्णरूपमा खर्च गर्न सक्ने क्षमताको संयन्त्र नबनेसम्म विकासले गति लिन सक्दैन । त्यसैगरी व्यापारघाटा घटाउने र राष्ट्रिय उत्पादकत्व बढाउने चुनौती झेल्न सक्ने नीति निर्माण गर्न जरूरी छ । नयाँ राजनीतिक संयन्त्र निर्माणले साधारण खर्चको भार डरलाग्दोसँग बढ्ने निश्चित छ । तीन तहका जनप्रतिनिधिहरूको तलबभत्ता र राजनीतिक नियुक्ति पाउने व्यक्तिहरूको र कर्मचारीको खर्चको भार बहान गर्न सक्ने क्षमता हाम्रो अर्थतन्त्र राख्न सक्छ सक्दैन त्यो विषय पनि अत्यन्तै गम्भीर छ ।

संघीयताको नयाँ अभ्यासको सफलता त्यसको व्यवस्थापनमा भर पर्छ । विभिन्न खाले कर लगाएर जनता र व्यवसायी चुस्ने अनि जनप्रतिनिधि र कर्मचारी भ्रष्टाचारको आहालमा चुर्लुम्म डुब्ने परिपाटीले संघीयता चल्न सक्दैन । भ्रष्टाचार नियन्त्रणलाई शून्य सहनशीलता भन्ने कागजमा मात्र होइन, व्यवहारमै उतार्न सक्नुपर्छ । त्यसैगरी मुलुकलाई आत्मनिर्भर र स्वाभिमानी बनाउने नयाँ आर्थिक मुहानहरूको पहिचान गर्न सक्नुपर्छ । जल, जमिन, जनसंख्याको समुचित उपयोग गर्न सक्यो भने अवश्य पनि मुलुकले नयाँ परिवर्तनलाई अँगाल्न सक्ने क्षमताको विकास गर्न सक्नेछ ।

# टिक्ला त संघीय संसदीय व्यवस्था अब ?

**सुरेन्द्र ढकाल**
पोलिटब्युरो सदस्य
(नेकपा माले)



राजा महेन्द्रले २०१५ सालको पहिलो आमनिर्वाचनमा दुईतिहाइ बहुमत ल्याई सरकार बनाएको नेपाली कांग्रेस र बहुदलीय व्यवस्थालाई समेत विघटन गरी पंचायती व्यवस्था लागू गर्दा स्पष्टीकरण दिंदै बहुदलीय व्यवस्थामा च्याउ उम्रेसरह राजनीतिक दलहरु हुने र यिनीहरुले राष्ट्रिय स्वार्थभन्दा पनि दलगत स्वार्थलाई जोड दिने हुँदा आफूले संसदीय व्यवस्था खारेज गरेको कुरा बताएका थिए ।

२०४६ सालमा पंचायती व्यवस्था ढालेर संवैधानिक राजतन्त्रात्मक व्यवस्था र २०६३ सालमा त्यो पनि ढालेर संघीय गणतान्त्रिक व्यवस्था कायम भई दलको अध्यक्षको रुपमा र एकिकृत दलको पोलिटब्यूरो सदस्यको रुपमा बारम्बार निर्वाचनहरु हाँकेपछि यस पंक्तिका लेखकलाई संसदीय व्यवस्था असफल हुनुमा माथि राजा महेन्द्रले भनेको दुई कारणको अतिरिक्त अन्य कारणहरु पनि रहेछन् भन्ने महसुस भएको छ ।

प्रजातन्त्र आएपछि प्रजातान्त्रिक भनाउँदो सरकारहरुले राष्ट्रघाती महाकाली सन्धि गर्नु, ६३ लाख भारतीयहरुलाई नेपाली नागरिकता दिनु, भुटानबाट एक लाखभन्दा बढी नेपाली लखेटिँदा, नेपाली सीमा भारतले निरन्तर मिच्दा, दशगजा क्षेत्रमा अन्तर्राष्ट्रिय कानुनविपरीत भारतले भौतिक संरचना निर्माण गरी नेपाली भूमि जलमग्न बनाउँदा, भारतीय सीमा सुरक्षा बल नेपाल पसी नेपाली नागरिकको हत्या गर्दा कानमा तेल हालेर बस्नु, अन्तर ष्ट्रिय मामलामा भारतको जस्तै नेपालको पनि समान दृष्टिकोण हुनुपर्ने जिकिर गर्नु जस्ता कार्यले गर्दा राजा महेन्द्रले भनेका कुरा सतप्रतिशत सत्य हुनुको अतिरिक्त ससदीय प्रजातन्त्रले देशमा भ्रष्टाचार संस्थागत गर्नु, निजीकरणको नाममा राष्ट्रिय उद्योगधन्दाहरु कमिसन खाई कौडीको मूल्यमा बिक्री गरी देशमा बेरोजगार बढाई नेपाली युवायुवतीहरुलाई विदेशमा कठिन फोहोरी र खतरनाक काम गर्न जान बाध्य पार्नु, राष्ट्रिय ढुकुटीबाट करोडौं खर्च लिई विदेशमा उपचार गराउन जानु, ब्यापारघाटा बेस्सरी बढाउनु, दोहोरो अंक या ने १० प्रतिशतभन्दा बढी वार्षिक मूल्य वृद्धि गरी गरिब जनताको पुर्पुरो सेक्नु, चन्दा आतंक बढाउनु, राम्रा मान्छे हाम्रा नभई हाम्रा मान्छे मात्रै राम्रा भनी ब्रेन ड्रेन गराउँदै देशलाई असफल राष्ट्र बनाउने दिशातर्फ लग्नु आदि कुराहरुको कारक तत्व पनि संसदीय ब्यवस्थै रहेछ अनि यही कारण असन्तुष्ट पक्षले विद्रोह गरी हतियार उठाइ देशलाई द्वन्द्वमा धकेल्दो रहेछ भन्ने समेतको राम्रो अनुभव भयो ।

### संसदीय व्यवस्थामा भ्रष्टाचार किन हुन्छ ?

संसदीय व्यवस्थामा राजनीति संचालन गर्न दल र नेताहरुलाई ठूलो रकमको आवश्यकता पर्दो रहेछ । उम्मेदवारी दिन, पर्चा पम्प्लेट झण्डा छपाउन अनि तिनीहरुलाई वितरण गर्ने कार्यको लागि कार्यकर्ता खटाउन, उनीहरुलाई रांगा, खसी बोका कुखुराको मासु रक्सी ख्वाउन, प्रत्येक मतदाताको घर धुरीसम्म गएर पैसा बाँडेर मत खरिद गर्न, गुण्डाहरु परिचालन गरी आमसभा आयोजना गर्न, मोटरसाइकल ऱ्याली गर्न, बुथमा र मतगणना केन्द्रमा प्रतिनिधि राख्न विना अपार धनराशीको सम्भव हुँदो रहेनछ । घरजग्गा बेची, ऋण सापट गरी चुनाव लड्दा हारेमा सुकुम्बासी हुनुपर्ने अनि जितेमा पनि थोरै अवधिमा जसरी भए पनि चुनावमा भएको लगानी उठाउनुपर्ने कारणले गर्दा देशमा सोझै भ्रष्टाचार, कमिसनतन्त्र र नातावाद संस्थागत रुपमा हावी हुन पुग्दो रहेछ ।

### संसदीय व्यवस्थामा मूल्यवृद्धि किन हुन्छ ?

संसदीय व्यवस्थामा राजनीति संचालन गर्न सबै दलहरुले ब्यापारीसँग जबर्जस्ती, डर धम्की देखाई चन्दा असुल्ने गर्दछन् । ब्यापारी भनेका समाजसेवी हुँदैनन् । विभिन्न दलहरुलाई दिएको चन्दा चुनाव सकिने बित्तिकै उपर गर्नु परिहाल्छ उनीहरुलाई । अनि के चाहियो ? वस्तुहरु लुकाइ कृत्रिम अभाव देखाई, मिसावट गरी वस्तुको मूल्य वृद्धि गर्ने, आदि जस्ता कार्यहरु गर्नु नै परिहाल्यो । त्यसो गर्दा चन्दादाता ब्यापारीलाई कसले कारवाही गर्ने ? सबै दलले चन्दा लिएपछि त्यो नुनको सोझो गर्नै पऱ्यो । अनि काहाँबाट हुन्छ मूल्य नियन्त्रण ?

### संसदीय व्यवस्थामा किन असक्षमता हुन्छ ?

नेपालको संसदीय व्यवस्थामा नियुक्ति, सरुवा बढुवा सबै मेरिटको आधारमा नभै राजनीतिक आस्थाको कमिसनको आधारमा हुने भएपछि हाम्रा मात्रै राम्रा हुने अनि राम्रा जतिले कामको लागि देशै छोडेर हिंडनुपर्ने अवस्था आउँदो रहेछ । विकाश योजनाको ठेक्का पट्टा दिँदा पनि बढी कमिसन जस्ले दिन्छ उसैलाई दिनुपर्ने कारण ठेकेदारहरुले गुणस्तरीय काम समयभित्र नै गर्न नसक्ने हुँदा रहेछन् । अनि यही कारण जताततै असक्षमहरुको बोलवाला हुँदो रहेछ । राष्ट्र असफलतातर्फ अगाडि बढ्दो रहेछ ।

### के संघीय अर्थव्यवस्था देशले धान्न सक्छ ?

देश विकास हुनका लागि एकातर्फ पूर्वाधार जस्तो बिजुली पानी, यातायात संचारको आम विकास हुनु पर्दछ भने उत्पादनमा बेस्सरी वृद्धि गर्दै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्नु सक्नुपर्दछ । राज्य कल्याणकारी बनाउने हो भने शिक्षा, स्वास्थ्य र समाजकल्याणको खर्च राज्यले जिम्मा लिनु पर्दछ, निजी क्षेत्र वा गैरसरकारी संस्थालाई जिम्मा लगाउन पाइँदैन । माथि भनिएका कुराहरु त्यसबेला मात्र सम्भव हुन्छ जब साधारण बजेट २० प्रतिशतमा सिमित र विकास बजेट ८० प्रतिशतको हाराहारीमा हुनुपर्दछ । पंचायतकालमा र ४७ साल बहुदल आएपछि गाउँ पंचायत वा गाविस, जिल्ला पंचायत वा जिविसका निर्वाचित प्रतिनिधिहरुको तलव भत्ता हुँदैनथ्यो । त्यसो हुँदा समेत एक त विकास बजेटले ६० प्रतिशत नाघ्न सकेको थिएन झन् त्यसमाथि विकास बजेट खर्च गर्ने क्षमता सरकारसँग नहुँदा विकासले गति लिनसकेको थिएन । त्यसैकारण नेपाल कंगाल राष्ट्रको सूचीबाट माथि उठ्न सकेन । अहिलेको संघीय गणतान्त्रिक व्यवस्थामा सबै स्तर गाउँपालिका, नगरपालिका, प्रदेश र संघमा निर्वाचित प्रतिनिधिहरुले तलव भत्ता पाउने कारण साधारण खर्च ज्यादै बढ्न गई विकास बजेट घटनेमात्र होइन शून्यमा नझर्ला भन्न सकिँदैन । त्यस अवस्थामा के देशको आर्थिक विकासले गति लिन सक्ला ? नसकेमा राष्ट्र यसै कारण असफल नबन्ला भन्ने के आधार ?

अहिले नेपाल माथि विश्लेषण गरेअनुरुपको दयनीय अवस्थाबाट गुज्रिरहेको छ । राष्ट्रघात, नातावाद, भ्रष्टाचार र असक्षमता जताततै ब्याप्त छ । यही कारण पुनः जनयुद्ध चर्किने अवस्था निर्वाचनको क्रममा पडकेका बम र एम्बुसले प्रष्टै गरेको छ । यस अवस्थामा सबैको मानसपटलमा एउटै प्रश्न उब्जिएको छ टिक्ला त संघीय संसदीय व्यवस्था अब ?

# व्यक्तिपूजाभन्दा माटोको माया ठूलो छ



**जगदीश लामिछाने**
रौतहट, पौराई

आधुनिक विश्वमा हामी प्राणीहरु सबैले बाँडिएर बस्नु परेको छ । प्राचीनकालमा समर्थ कसैको अधीनमा बाँडिएर बस्थ्यौं भने अहिले पनि कतै कानुनको अधिनमै बस्दछौं । त्यसैलाई हामी राष्ट्र भन्दछौं । अब त पृथ्वी मात्र होइन, आकाश पनि बाँडेका छौं । हाम्रो प्रकृति हामी रक्षा गरौं भने पनि अरुबाट रक्षा नगरिएको पनि सहनुपर्ने बाध्यता परेको छ, भनौं न कर्तव्य पनि भएकै छ । वास्तवमा हामी सम्पूर्ण माटोमय हौं । यसैले माटोकै माया गरौं । यही हाम्रो कर्तव्य पनि हो, माटो र जनता एक भएर बसौं ।

नेपालका जो कसैको मन विचारमा हुँदो हो । त्यो ठीकै पनि हो । पूर्व पश्चिम राजमार्ग र भूमिसुधार आदि मूर्तरुप दिने श्री ५ महेन्द्र नै भए । गर्दा भन्दा केही गरी कालापानीका कुरै भए पनि श्री ५ महेन्द्र मर्नुभन्दा केहीअघि तत्कालीन प्रम कीर्तिनिधि समेत भई तिब्बत सिमानाबाट सबैजसो भारतीय सैनिक हटाएकै देखियो । यो कुरो त्यसबखतकी भारतीय राजनीतिमै छाइएकी प्रम इन्दिरा गान्धीले किन अन्तर्राष्ट्रिय प्रचार पहिल्यै गरेको ? भनी मलाई नै भनिन् भन्ने कुरो डेढ वर्षअघि नागरिक दैनिकलाई अन्तर्वार्ता दिएर पूर्व प्रम कीर्तिनिधि भर्खरै मरेपछि २०७४ मार्ग १ गते छापेकै छ । त्यस्तै २०१७ पुस १ गतेभन्दा पहिलेकै कुरा गरौं न । पछि के कुराले हो थोरै महेन्द्रका मत नमिलेका ऋषिकेश शाहकै प्रसंगमै पनि विश्वेश्वरसँग राजाको मन नमिलेको नेहरुसँग भन्दा प्रतिकार गरे भयो भनेकै रहेछन् । सो पछि २०१७ पुस १ गते भारतीय स्थलसेनाध्यक्ष सिकारको निमित्त नेपालमै भएपछि छिमेकी बुझाइएको देखिएन र ?

उता सुवर्णशमशेर श्री ५ सँग मिल्नुपर्छ भन्ने अर्को पक्षको नेपाली कांग्रेस नमिल्दा पञ्चायती व्यवस्था हुर्के र बढेको र त्यसको राम्रो जतन पछिबाट हुन छाडेपछि श्री ५ वीरेन्द्रका पालामा २०४७ आएकोमा छोरा राजा नै जिम्मेवारै छन् ।

अहिले राप्रउ तथा अरविन्द्र रिमालका मूल चर्चामा रहेका श्री ५ महेन्द्रका पालाका पूर्व प्रम जिउँदा सहिद टंकप्रसाद आचार्यका मूल कारक श्री ५ त्रिभुवनको टंकप्रसादसँग सहकार्यको अभाव नै हो । किनभने त्यसबखत नेहरुका योजनामा राजा त्रिभुवन भारत जाँदा अहिलेसम्मको संविधानसभाको दुःख, बराबर विदेशी हस्तक्षेप, तराई उद्वेलन गर्न समेत भारतले सुविधा लियो । जनजातिहरुको नाममा युरोपियन तथा इसाईहरुको दुःख नेपालले नै पाउनुपर्ने, १२ बुँदेमा तराई दलसमेत लगेर पुष्पकमल तथा बाबुराम भट्टराईको उद्धार गराई प्रधानमन्त्री गराउन परेको संकेतकै रुपमा भए पनि माओवादी जनयुद्धको विपक्षमा २०७४ मार्गको केपी ओलीको विजयकुमारसँगको विशाल अन्तर्वार्ता अन्नपूर्ण पोस्टले छापेको छ । टंकप्रसादले आफ्ना तालुक श्री ५ सँग सल्लाह नगरी चीनमा सही ठोकी तिब्बत नेपाल सम्बन्धमा परेको असर भने श्री ५ महेन्द्रले उसैबखत सुधार गरेकै छन् । बरु २०१६ मै चीनसँग सगरमाथा हाम्रो भन्ने र भारतसँग हिमालय हाम्रो भनी विश्वेश्वरले पुरानु आफ्नो माटोतर्फको भूलसुधार गरेझैं गर्न जिउँदा सहिद चाहीँ असफल भए ।

भारतमा नेपाली कांग्रेसकै कृष्णप्रसादले साझा नदी अवधारणामा सही गर्दा उसैबखत राजनीति तरंगित २०४६ ताका नै भएको हो । झन् चन्द्रशेखर विदेशीलाई आफ्नै चाक्सीबारीमा ल्याई नेपालका शक्ति स्रोतविरुद्ध बोल्न दिँदा र वामपन्थीसँग लौहपुरुषले एकीकरण गरी आन्दोलन गर्दा नेपाली कांग्रेस नै घाटामा परेको छ । दुवै नेताले नेपाली कांग्रेस कमजोर गराएको भन्ने सहन नसकी अलि पर बसिरहनु परेको हो । गिरिजाप्रसादका निजामती सेवाविरुद्ध संघ खडा गर्ने आदि धेरै कार्य उक्त कांग्रेसका लागि आलोच्य नै रहे नेपाली माटोतर्फ पनि त्यस्तै हो । किनभने कांग्रेस ग्रेटर नेपालतर्फ यिनीहरु धेरै अनुदारै रहे भारतीय नेपालीतर्फ पनि त्यस्तै हो ।

जस्तो ग्रेटर नेपाल माग्नेहरुप्रति पहिल्यै अनुदार देखिने भारतीय प्रबुद्ध महेन्द्र पी लामाले नेपालकै २०७४ कात्तिक मध्यतिर अन्नपूर्ण पोस्टको चुचुरो स्तम्भ लेखमा लेखेअनुसार ११० वर्षदेखि भारतसँग मागेको गोर्खाल्यान्ड पाइएन । हाम्रो अन्तर्राष्ट्रिय ५ देश सीमा दार्जिलिङ आदिको जोडिन्छ, आसामबाट क्षेत्र छुट्याइएझैं भारतीय संविधान अन्तर्गतै रहेर गोर्खाल्यान्ड दिन मिल्छ पनि भनियो र त्यसमा भारतभरका नेपाली मूलकाहरु ऐक्यबद्ध नभई भएन भनियो । हुन पनि हो सर्वप्रथम देहरादुनबाट नेपाली भाषा माग गरी भारतभर आन्दोलन गरेपछि भारतीय नोटमा उनीहरुले नेपाली भाषा १९९२ इ.सं. मा लेखाएकै हुन् । यही कुरा महेन्द्र पी लामा र अर्का भारतीय प्रबुद्ध व्यक्ति भुवन चन्द उप्रेतीले गरेमा माटोको माया गरेकै पनि देखिनेछ किनभने त्यो समग्र क्षेत्र १८१६ इ.सं.मा अंग्रेजले नेपालसँग लिएकै हो । भारतसँगको १९५० साउनको सन्धि नेपालले गरेपछि र त्यस्तै १९५० इ.सं. कात्तिकमा बेलायतसँगको सन्धिले सम्पूर्ण सुगौली सन्धि खारेज गरेकै छ । त्यही पछिल्लो सातै दिनमा श्री ५ त्रिभुवन भारतीय राजदुताबासमा सपरिवार गएको इतिहास ताजै छ ।

उहिले म्यानमारमा अंग्रेज शासन हुँदा लगिएका समेत रोहिंग्या मुसलमानहरुले अहिले त्यहाँ १० प्रहरी चौकीमा हमला गरी मर्न मार्न गएछन् । तिनीहरु अझै पनि आफ्नो ठाउँको नाउँ राखिन अर्थात राखिएका नाम राखी बस्दा रहेछन् । म्यानमारले प्रतिकार गर्दा बंगलादेश आदि चारैतिर केही भागे केही त्यहीँ बसेछन् र अन्तर्राष्ट्रिय खैलाबैला गरेको र उनीहरुमै मनमुटाव भएर हो भनी म्यानमार सरकार भन्न लागेको छ । म्यानमारले श्री ५ महेन्द्रकै पालामा नेपाली लखेटे पनि नेपालमै बसाइयो ।

अझै केही लाख म्यानमारमै माटोकै मायामा बसेकै छन् । पूर्वराजा ज्ञानेन्द्र आफ्नो टाउकाको श्रीपेच फुकालिदिए पनि नेपालमै बसेकै छन् । नेपालका श्री ५ पृथ्वीनारायण, अमेरिकी जर्ज वाशिंगटन, अफ्रिकी नेल्सन मण्डेला र भारतीय महात्मा गान्धीले माटोको पुजारी भएरै मात्रै श्रेय पाएका हुन् । पुष्पलाल र विश्वेश्वरका चेलाहरुले यस्तै पुजारी आफ्नै माटोको श्रेयमा कम लागेरै दुःख पाएका हुन् ।

**अबको क्रान्ति : पर्यावरणीय (खण्ड २)** — सुदर्शन प्रधान

# केही भौतिकवादी दृष्टिकोण (५)

कथामा धनुषबारे एउटा काल्पनिक घटना छ । सीताले कोठा सफा गर्दा सधैं धनुष उचालेर राख्न सक्ने कुरालाई बलवान् रावणले परीक्षामा उचाल्नसम्म नसकेर बेइज्जत हुनुपरेको तर उही धनुष रामले चाहिँ सजिलै उचालेर ताँदो चलाउँदा तीन टुक्रा भई भाँचिएको । वास्तवमा यहाँ रावणले धनुष राम्ररी उचालेको हुनुपर्छ बरू निसाना लगाउनचाहिँ ऊ चुक्न सक्छ, जुन कुरामा राम चुकेन ।

त्यसरी नै रामको पक्ष लागेर रावणको राज्य लङ्का ध्वस्त पार्न निर्णायक भूमिका खेल्ने जनशक्तिलाई रामायणमा ढेडुबाँदरको रूपमा चित्रण गरेको छ । के बाँदरको बथानले रावणको फौजी शक्तिमाथि विजय प्राप्त गर्न सक्थ्यो ? कदापि सक्तैन । यसको पनि वास्तविकता के हुन सक्छ भने त्यो बाँदरको बथान नभई कविला जातिबाट बनेको फौजी शक्ति हुनुपर्छ । त्यो कविला जाति आजको 'माझी' जाति पनि हुन सक्छ । जुन जनजाति अझैसम्म सिधासादा, परिश्रमी, सुरवीर साथै नदीमा डुङ्गा चलाउने उनीहरूका मूल पेसा छ । यस्ता जनताको सहयोगबिना समुद्र तरेर लङ्कामा पुग्न र युद्धमा विजय हुन रामलाई सम्भवै थिएन ।

सम्झौं त, रामायणका लेखक पेसेवर डाँकु थिए । पछि गएर मात्र उनी सज्जन विद्वान् बने । तर उनी रामको एक पक्षीय जयगान गरी रावणको खोइरो खन्ने र अझ रामलाई युद्धमा निर्णायक साथ दिने कविला जनशक्तिलाई ढेडुबाँदरको रूपमा चित्रण गर्ने एक लेखकीय इमानदारी पनि नभएको तर कल्पनाशक्तिका धनी धुरन्धर विद्वान् हुन् ।

घ) चक्रेश्वर मन्दिरको शालिग्रामको तौल बढ्दै छ र राजा मुकुन्द सेनको हंस त्यसभित्र पसेको छ भन्ने कुरा पनि सोचनीय छ । वि.सं. १५७५ मा राज्य सञ्चालन गर्न सुरू गरेका पाल्पाली राजा मुकुन्द सेनले आफ्नो शासनकालमा थुप्रै भूभागहरू नियन्त्रणमा लिएका थिए भने उनले आफ्नो जीवनको अन्तिम समय देवघाटमा आई बिताए । एक दिन कालीमा स्नान गर्न जाँदा उनले एउटा ठूलो शालिग्राम भेट्टाएर आफ्नो कुटीनजिकै ल्याई मन्दिरको निर्माण गरेर राखे । यस मन्दिरको जीर्णोद्धार २०२१ सालमा भएको थियो । आज यसलाई चक्रेश्वर मन्दिर भनिन्छ । यो शालिग्रामको पिँधमा कुनै सङ्केतहरू नभई अरू ढुङ्गा, पत्थरहरूजस्तै भएकाले राजा मुकुन्द सेनले पोख्त कर्मीहरू लगाई शालिग्रामको जस्तै सङ्केतहरू कुँद्न लगाएको त होइन ? यो अनुसन्धान गर्नुपर्ने कुरा छ ।

(क्रमशः)

# मैले देखेको तेइसौं विश्व सम्पदा :
# बर्लिनको सारलोटनवुर्ग दरबार

सुरेन्द्र ढकाल



सारलोटनवुर्ग दरबारको मुख्य द्वार



दरबार अगाडि रहेको सम्राट फ्रेडरिकको घोडचढी मूर्ति



दरबारको सुरूको रूप यस्तो थियो



दरबारको अगाडि सुरेन्द्र ढकाल जुन १९८८ मा



दरबारभित्र रहेको एम्बर कक्ष



दरबारभित्रको कलाकृतिले सजाइएको कक्ष



दरबारको सुरूको रूप यस्तो थियो



दरबारको एक भागको रूपमा रहेको ओरान्जेरी

बर्लिन आएको तेस्रो सप्ताह अन्तमा भने हामीलाई पश्चिम बर्लिनको सारलोटनवुर्ग दरबार देखाउन लगियो । यो बर्लिनमा भएको सबैभन्दा ठूलो दरबार हो । यो दरबारको निर्माण १७ औं शताब्दिको अन्त्यतिर भएको थियो र १८ औं शताब्दिमा यसलाई विस्तृत बनाइएको थियो । अत्यन्तै विलासी वारोक र रोकोको वास्तुशैलीमा निर्माण गरिएको यो दरबार चारैतिरबाट अति सुन्दर बगैंचाले घेरिएको छ जहाँ खुला नाट्यशाला र कार्यक्रम गर्नको लागि मंचहरु पनि बनाइएका छन् । शुरुमा यो दरबार बनाउने आदेश सम्राट फ्रेडरिक तेस्रोकी रानी सोफीले दिएकी थिइन् । यसको डिजाइन वारोक शैलीमा जोन नेरिंगले गरेका थिए । एक मात्र मोहोडा भएको साढे दुई तलाको यो दरबारको टुप्पामा बीचमा पर्ने गरी गजुर बनाइएको थियो । दरबारभित्रको बीचको पछाडि भागमा दुई अण्डाकार ठूला हलहरु पनि रहेका छन् । माथिल्लो तलाको हलचाहिँ समारोहको लागि र तल्लो तलाको हलचाहिँ बगैंचामा निस्कन प्रयोग गरिन्छ । यस दरबारको उद्घाटन भने ११ जुलाई १६९९ मा सम्राटको जन्मोत्सव पारेर गरिएको थियो । सन् १७०१ म फ्रेडरिक प्रथमले यसै दरबारमा आफैंलाई प्रसियाको सम्राट घोषणा गरी आफ्नो राज्याभिषेक गराई श्रीपेच पहिरिए । उनले आफ्नो आर्किटेक्ट एओसान्देरलाई फ्रान्सको भर्साइमा रहेको विश्वविख्यात दरबारको वास्तुशैलीको अध्ययन गर्न पठाए । अध्ययन गरी उनी १७०२ मा फर्केर आई मौलिक दरबारलाई दुवै मोहोडाबाट विस्तृतिकरण गर्नतर्फ लागे । आफ्नी महारानी सोफिसारलोटनको सन् १७०५ मा मृत्यु भएपछि सम्राट फ्रेडरिकले उनैको नामबाट दरबारको नाम सारलोटनवुर्ग राखे । त्यसको लगत्तै दरबारको पश्चिमतर्फ सिसाले छोपिएको सुन्तलाको बगैंचा ओरान्जेरी र गजुरसहितको टावर निर्माण भयो । सुन्तलालगायत दुर्लभ फलफूलका बिरुवाहरुलाई हिउँदमा सिसाको घरभित्र राखी संरक्षण गर्ने र ग्रिष्ममा बाहिर बगैंचा रोपेर सजाउने उद्देश्यले सम्राटले ओरान्जेरी बनाउन लगाएका रहेछन् । दरबारको भित्रपट्टि एउटा कक्ष रहेको छ जस्लाई विश्वको आठौं आश्चर्य नामाकरण गरिएको छ । अति महँगो पहेंलो लिउन (एम्बर) ले लेपिएको यो कक्षका भित्ताहरुको डिजाइन आन्द्रेआव स्लुटर र लिपने काम चाहीँ डेनमार्कका कलाकार गोटफ्रिडले गरेका थिए । यो कक्ष सम्राट फ्रेडरिक प्रथमले सन् १७१६ मा रुसका जार पेटर द ग्रेटको नाममा समर्पण गरेका थिए । सन् १७१३ मा फ्रेडरिक प्रथमको मृत्यु भएपछि उनको छोरा फ्रेडरिक विलहेल्म प्रथम सम्राट बने । उनको शासनकाल दरबारको विस्तृतिकरणलाई निरन्तरता दिनेभन्दा पनि संरक्षण गर्ने कार्य मात्र भयो । उनको मृत्युपछि फ्रेडरिक महान सन् १७४० मा सम्राट बने । उनकै शासनकालमा ओरान्जेरीको दक्षिण मोहोडातर्फ दरबार तन्कियो र पूर्व मोहोडातर्फ दरबारलाई तन्काउने निर्माणकार्यको शुरु पनि भयो । बाहिरबाट हेर्दा तन्काइएका दरबारका नयाँ मोहोडा सरल देखिने भए तापनि भित्री भाग भने अत्यन्तै महँगा कलाकृति, मूर्ति र ठूलाठूला ऐनाहरुले सजाइएका छन् । यसको तल्लो तलामा साम्राज्ञी एलिसावेथको कक्ष र माथिल्लो तलामा भने सेतो हल, भोजभतेर कक्ष, राजसिंहासन र सुनौलो ग्यालेरी रहेको छ ।

सन् १७८६ मा फ्रेडरिक महानको मृत्यु भई उनका भतिजा फ्रेडरिक विलहेल्म दोस्रो सम्राट बने र उनको पालामा भुइँतलाको कक्षलाई खण्ड पारी ५ वटा कोठा बनाइएको थियो । त्यससँगै यो दरबारलाई तन्काउने लम्ब्याउने कार्य पनि रोकियो । दोस्रो विश्वयुद्धमा नराम्ररी क्षतिग्रस्त भएको यस दरबारको पुनर्निर्माण भएपछि यो आजकाल विश्व सम्पदा सूचीमा परी बर्लिन पर्यटनको आर्कषणको केन्द्रविन्दु बनेको छ । यस दरबारभित्र मेक्लेनवुर्गका लुइस, प्रसियाका सम्राट फ्रेडरिक विलहेल्म दोस्रो, प्रसियाले शुरु गरेको जर्मन एकिकरणपश्चात जर्मनको सम्राट बन्न पुगेका विलहेल्म प्रथम र प्रसियाका राजकुमार अर्ल्वटका चिहानहरु पनि राखिएका छन् ।

Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
Upto 15KVA
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Remember us for the Construction of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

प्रतिलिपि अधिकार अनुसार धनीको स्वीकृति बीना उत्पादन, प्रकाशन तथा प्रसारणगरेमा जरिवाना र कैद सजाय हुन्छ । कसुरसँग सम्बन्धित मालबस्तु जफत हुनुका साथै क्षतिपूर्ति समेत तिर्नुपर्ने हुँदा धनीको स्वीकृति बीना उत्पादन तथा पुनःउत्पादन आदि कार्य नगरौं ।
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

महिला हस्ताक्षर

■ विद्युतमा रैका

# काम एउटै, ज्याला फरक

**'पुरूषले गर्ने काम भनिएका घर ढलान गर्ने, सिमेन्ट लगाउने, घरमा रङ लगाउने, बेल्चा लगाउनेलगायतका काम महिलाले पनि उत्तिकै मात्रामा गर्छन् । तर, अछाममा महिलाको कामलाई हेर्ने दृष्टिकोणमा चर्को विभेद छ ।'**



अछाम । मंगलसेनकी रत्ना ढुङ्गाना घर प्लास्टर गर्ने कामबाट दैनिक तीन सयदेखि पाँच सय रुपैयाँसम्म कमाउँछिन् । उनीसँगै काम गर्ने उनका श्रीमान्ले चाहिँ दैनिक सात सय ५० रुपैयाँ पाउँछन् । ज्यामी काम गरेरै बिहान-बेलुकाको छाक टार्दै आएको उनको परिवारको ठूलो खर्च रत्नाको कमाइबाट धानिएको छ । दैनिक काम गरेबापत रत्ना र उनका श्रीमान् सँगै ज्याला बुझ्छन् ।

रत्नाको कमाइ श्रीमान्को भन्दा आधाजति मात्रै हुन्छ । रत्नाले आफ्नो दैनिक तीन सय ५० रुपैयाँ कमाइबाट बालबच्चा पढाउने र घरखर्च चलाउनुपर्छ । श्रीमान्चाहिँ धेरैजसो भट्टीतिर जान्छन् र रक्सी खाएर पैसा सिध्याउँछन् ।

रत्नाले पटकपटक श्रीमान्को जति नै आफ्नो पनि ज्याला हुनुपर्छ भनेर माग राखिन् । तर, साहुजीले सुने पो । एक दिन रिसाएर बरु काममै नआउनु भने । त्यसपछि रत्ना चुपचाप काम गर्न बाध्य भइन् । रत्ना भन्छिन्, 'लोग्नेमान्छेले जत्तिकै काम गर्छौं, पैसा दिने बेलामा आइमाई भनेर कम दिन्छन् । काम नगरे खान पाइँदैन । चुप लागेर आइराखेकी छु ।'

घरमा आम्दानी थिएन, खेती-किसानीको कामले पाँचजनाको परिवार पाल्न निकै असहज थियो । दिनभरि दुःख गरेर कमाएको पैसा रत्ना छोराछोरी पढाउन, घरखर्च चलाउन खर्चिन्छिन् । उनका श्रीमान् कहिलेकाहीं भट्टीमा रक्सी खाएर आएर घरमा निहुँ खोज्छन् । उनी भन्छिन्, 'मीठो-मसिनो खाने बेला भयो कि तेरो कमाइ नै कम छ थोरै खा भनेर हेप्छन् ।' ज्यालादारीमा काम गर्दा पुरुषहरू लाठे हुन्छन्, महिलाहरू काम कम गर्छन् भन्ने बुझाइ छ । तर, ज्यामी काममा महिला बढी लगनशील, इमानदार हुन्छन् । त्यही इमानदारीको फाइदा उठाएर ज्यालामा साहुले शोषण गर्दछ । महिला र पुरुषमा असमान ज्याला अछाममा मात्रै होइन, अन्यत्र पनि छ ।

मंगलसेन- ६ की कोकिला विक पनि दैनिक ज्यालादारीमा काम गर्छिन् । सदरमुकाममा ज्यामी काम गर्ने महिला, पुरुष बराबरी जस्तै छन् । ज्याला दिने बेलामा भने विभेद हुन्छ । कोकिला तीन वर्षदेखि घरमा रङ लगाउने काम गर्छिन् । उनका श्रीमान् विदेशमा छन् । मजदुरी गरेर नै कोकिलाले सातजनाको परिवार पाल्दै आएकी छिन् ।

'खेती-किसानी गर्दा खान कहिल्यै पुगेन । अहिले महिनामा कम्तीमा नौ हजार कमाउँछु । एउटा छोरालाई ' ब्याचलर' पढाइरहेकी छु । अरू स्कुल जान्छन्,' उनले भनिन्, 'श्रीमान्ले पैसा नपठाए पनि छोराछोरी पढाउन र बिहान-बेलुकाको छाक टार्न गाह्रो छैन ।' उनको गुनासो एउटै छ- बराबरी काम गरे पनि पैसा कम पाउँदा भने काम गर्नै मन लाग्दैन । के गर्नु काम नगरी पनि भएन । जति दिए पनि चुप लाग्यो, काममा आयो ।

सदरमुकामकै ५० वर्षीया मीना ओड पहिले ज्यामी काम गर्न जान्दैनथिन् । नकमाउने भएपछि घरमा पनि हप्कीदप्की गर्न थाले । त्यसपछि उनले पनि ज्यामी काम गर्न थालिन् । अहिले उनी प्लास्टरको काम पनि सजिलै गर्न सक्छिन् । उनी भन्छिन्, 'श्रीमान्ले मात्रै काम गर्दा घर चलाउन गाह्रो हुन्थ्यो । आइमाई पनि लोग्नेमान्छेसँगै काम गर्न थालेपछि ज्याला कम भए पनि झैझगडाचाहिँ कम भएको छ ।' मीना भन्छिन्, 'उत्तिकै मिहिनेत गर्छु, तर ज्याला हामीलाई कम दिन्छन् । के गर्नु भोकै बस्न सकिँदैन ।' अहिले मंगलसेनमा करिब ५० देखि ६० महिला डकर्मी छन् । सयभन्दा बढी महिला ज्यामी छन् । महिलाले पुरुषले भन्दा बढी नै मिहिनेत गर्छन् । त्यसैले निर्माण व्यवसायीहरू पुरुषभन्दा महिलालाई काममा राख्न रुचाउँछन् । किनकि उनीहरूलाई ज्याला पनि कम दिए हुन्छ ।

अन्तरपार्टी महिला सञ्जाल अछामकी अध्यक्ष सरस्वती रावल महिलाले समान ज्याला पाउनुपर्छ भनेर पटकपटक आवाज उठाए पनि सुनुवाइ नभएको बताउँछिन् । उनी भन्छिन्, ' आजको युगमा पनि महिलाले समान कामको समान ज्याला पाएका छैनन् । महिलालाई हेर्ने दृष्टिकोण नै विभेदपूर्ण छ । महिलालाई कमजोर ठान्नु, महिलाले धेरै राम्रो काम गर्न सक्दैनन् भन्नु नै गलत हो ।'

हुन पनि पुरुषले मात्र गर्ने भनिएका घर ढलान गर्ने, सिमेन्ट लगाउने, घरमा रङ लगाउने, बेल्चा लगाउनेलगायतका काम महिलाले पनि उत्तिकै मात्रामा गर्छन् । महिला तथा तथा बालबालिका कार्यालय अछामकी सुपरभाइजर मञ्जु महत भन्छिन्, 'पुरुषको तुलनामा महिला कमजोर छैनन् । आछाममा आयआर्जन लगायत विभिन्न क्षेत्रमा पुरुषभन्दा महिला नै अगाडि छन् । तर, महिलालाई हेर्ने दृष्टिकोणमा भने विभेद छ ।'

*(सञ्चारिका फिचर सेवा)*

## बांगा कविता

### वीर



● प्रेम ओली
(ढकलपुरे)

अस्पतालहरुमा साँच्चैको वीर थियो
स्वास्थ्य क्षेत्रमा नेपालको यो शिर थियो
कतै क्यै होला कि भनी
सरकारलाई पनि यसको पीर थियो
तर अहिले बूढो भयो कि ?
रातभरि ख्याक्क ख्याक्क खोक्छ
मानौं यसलाई कुनै ठूलै रोग छ
घ्यार् घ्यार् सास नभएको बूढो कुकुर जस्तै
भुक्छ
कहिले कनी कनी सिसा फुटेको झ्यालबाट
पेटीतिर थुक्छ
नयाँ बिरामी आयो भने खै किन
भर्ना गर्न छाडी झन् कोठातिर लुक्छ
बेडमा सुत्यो भने कट्कटी बिझाउने
नर्सलाई सोध्यो भने त्यसै त्यसै रिसाउने
खै यहाँ छिर्‍यो कि डक्टर नर्सलाई पनि के
के हुन्छ
मानौं उनीहरुलाई यहाँ महामसानले छुन्छ
निजी अस्पतालमा गयो भने
यिनै डाक्टर नर्स बिरामीसँग मुस्काउने
यहाँ छिर्‍यो कि बिरामीसित त्यसै ठुस्काउने
निजी नर्सिङ्गहोममा छिरे नरम हुने
यता छिर्‍यो कि तिनै खै किन गरम हुने
भुत लाग्या हो कि राजनीति लाग्या हो
सुधार गर्छु भन्ने बिचरा मन्त्री नि थाक्या हो
यहाँ काम सित्तैमा गरेको जस्तो
मानौं यिनको पेट निजीले मात्र भरेको जस्तो
उनीहरुको क्लिनिकमा गयो भने
त्यही डाक्टर कति मिठो बोली बोल्ने
वीरमा छिरेपछि
त्यही डक्टरको बोली, सिस्नोलेझैं पोल्ने
वीर
तिमी साँच्चै बूढो भाको हो कि
डाक्टर नर्स यस्तै पाको हो ?
कहिले के चल्दैन रे कहिले बिग्रेको रे
के तिमीलाई साँच्चै बुढेसकाल लाको हो ?
तिमीकहाँ उपचार गराउन भनी
दूरदराजबाट आएपछि
खै कल्ले किन अर्कै ठाउँमा पो पुर्‍याए
यसको जाँच यसको जाँच भन्दै
बाटो खर्च पनि नराखी सब तिराए
तिम्रो दरबार त भुत बङ्गला जस्तो पो
लाग्यो
बिरामी कुर्न बसेको छोरो पनि
तिम्रो डरले सुइँ कुच्चा ठोकी पो भाग्यो
भन त वीर
कसरी तिमी यस्तो बूढो भयौ
सबको रोग निको पार्ने तिमी
कसरी आफैं यस्तो रोगी भयौ ?

## कथा
# निर्दोष माया

### आलोक

तिमी विदेश गएको दिन सायद शनिबार परेको थियो । छतमा गएर टाढाटाढा आकाश र क्षितिज नियालेँ । मनमनै देवीदेवतासँग प्रार्थना गरेँ । तिमी सकुशल पुगेको खबर पाएर खुशी भएँ । तर छटपटी भइरह्यो । मन कहिले आकाशमा चंगाझैँ उड्दै थियो, कहिले अशोक बाटिकामा विचलित सीताझैँ रुँदै थियो । सानो नानीलाई आमाले फकाएझैँ मनलाई फकाइरहेँ । मान्छे छिप्पिए पनि मन कलिलै हुन्छ होला । त्यसैले त्यो अटेर गर्छ । चञ्चल हुन्छ । व्याकुल बनिरहन्छ । मेरो मन पनि कुन ड्याङको मूला हो र ! पृथ्वीका अर्बौं रुन्चेहरुमध्ये मेरो मन पनि एकथान रुन्चे मन न हो । जति सम्झाउन खोजे पनि समझदार हुन सक्दैन । तिमीलाई बोकेर लैजाने विमान टाढा पुगिसकेको थियो । म रसिला आँखा लिएर अकाशतिर हेरिरहेको थिएँ । यस्तो लाग्यो, तिमी विमानको झ्यालबाट मलाई कतै देख्छु कि भनेर हेरिरहेकी छ्यौ ।

बिन्नु, मायाभन्दा निर्दोष दुनियाँमा केही पनि छैन । अबोध शिशु उमेर बढ्दै जाँदा जात, धर्म, गोत्र, राजनीति र अनेकौं रंगमा स्वार्थी बन्छ । माया जति परिपक्व हुन्छ, त्यत्तिकै अबोध बन्छ । निस्वार्थ मायाभन्दा अमूल्य उपहार केही हुन सक्छ र ! त्यसैले तिम्रो निर्दोष प्रेमको प्रत्युत्तरमा म तिमीलाई कञ्चनजंघा जस्तै कञ्चन माया गर्छु । निशर्त, निर्बाध र निष्छल माया गर्छु । तिम्रो र मेरो माया अतुल, अनुपम र अशेष नहोला तर स्वार्थको आइरसले ग्रस्त अपवित्र हुने छैन । मेरो मृत्युमा सजल नेत्रले दुई थुँगा फूल चढाइदियौ भने त्यो मेरा लागि मृत्युपर्यन्त प्राप्त ठूलो पुरस्कार हुनेछ । आजीवन तिमी र म भावनाको साथी भइरह्यौं भने त्यो मेरा लागि वरदान बन्नेछ । मेरो छातीमा लाखौं अव्यक्त कथाहरु छन्, जुन म तिमीलाई मात्र सुनाउन चाहन्छु । थाहा छैन, कुन्नि किन म तिमीलाई विश्वासघात गर्न नजान्ने निर्दोष साथी ठान्छु ।

बिन्नु, जीवन भनेको संक्षिप्त यात्रा हो, जन्मबाट सुरु भएर मृत्युमा टुंगिन्छ । निराशा, कुण्ठा, विषाद, पीडा र असन्तुष्टि बोकेर किन मान्छेहरु अमूल्य जीवनलाई बर्बाद बनाउँछन् ? किन निराशावादीहरु सेल रोटीमा पनि शून्य देख्छन् ? सृष्टिका करोडौं प्राणीमध्ये मान्छे मात्र यस्तो भाग्यमानी प्राणी हो, जसलाई ईश्वरले हाँस्न सक्ने वरदान दिएका छन् । तर मान्छे किन हाँस्दैन ? मुस्काउन पनि किन कञ्जुसी गर्छ ? तिमीले बाघ, भालु, गोरु, कुकुर वा चितुवा हाँसेको कहिल्यै देखेकी छ्यौ ? त्यसैले म भन्छु, जो मान्छे हाँस्न पनि जान्दैनन, ती पशुतुल्य छन् । मलाई तिम्रो मुस्कान मन पर्छ । कमल फक्रिएझैँ उन्मुक्त भएर हाँसेको मन पर्छ । तिमी अदृश्य भए पनि टेलिफोनमा तिम्रो हाँसो सुन्दा म पुलकित बन्छु, प्रसन्न हुन्छु । मलाई लाग्छ, यो पनि जीवनको टनिक हो । तिमीलाई थाहै छ बिन्नु, म खुसी मन पराउँछु । ठट्टा मन पराउँछु र जीवन 'बिन्दास' बितोस् भन्ने मन पराउँछु ।

एउटी केटी साथीले उसको जन्म दिनमा भोजको आयोजना गरेर मलाई पनि बोलाई । त्यतिबेला हामी कलेजमा निकै रमाइलो गर्थ्यौं । उसको जन्मदिनको बिहान मैले ठट्टा गर्दै फोनमा सोधेको थिएँ- 'के उपहार ल्याइदिउँ ?'उसले भनी- 'केही नल्याउनु, तिमीहरु आए त भइहाल्छ नि ।' पसलमा गएर मैले एउटा खाली कार्टुनमा उपहार 'प्याक' गर्ने रंगीन कागजले कार्टुन प्याक गरेँ । साँझमा 'केही उपहार नल्याउनू' भन्ने साथीलाई त्यो रित्तो प्याकेट दिएँ ।

भोलिपल्ट उसले कलेजमा सबैलाई यो खबर सुनाई । मैले हाँस्दै भनें- 'तिमीले केही नल्याउनू भनेकी थियौ, त्यसैले कागजको खालि कार्टुन उपहार दिएको...।' सबै हाँसे । कपाल फुल्न थाले पनि मनले प्रौढता स्वीकार गरेकै छैन । त्यसैले होला, म अझै अपरिपक्व छु । अरुलाई सम्झाउने उमेरमा म चुकुल लगाएर कहिलेकाहीँ एक्लै रोयरहन्छु । विदेश जाँदा म कहिलेकाहीँ धेरै दिन एक्लै परेको छु । कहिले भावुक भएर, कहिले भावशून्य भएर रोएको छु । तर जीवनबाट निराश भएर म कहिले पनि हारिनँ । जीवन एउटा उत्सव हो भन्ने मेरो मान्यता छ ।

बिन्नु, तिमीलाई पठाएको इमेलमा मैले भनेको थिएँ- 'धेरै कुरा तिमीसँग साटासात गर्नुछ ।' माया अहंकारी, स्वार्थी, लोभी, मुढाग्रही र दुष्ट भयो भने त्योभन्दा ठूलो दण्ड के हुन्छ, मान्छेका लागि ? त्यसैले म तिमीसँग माया साटुँला, मुस्कान साटुँला, चुम्बन साटुँला, हुन्न ?

ससाना नानीहरुले घरबाट टाढाटाढासम्म पुगेर परदेशी बाबुको प्रतीक्षा गरेझैँ मेरो मनले तिमी फर्किने दिन पर्खिरहेको छ । तिम्रो मादक मुस्कान, लोलाएका आँखा, रेशमी कपाल अनि सुमधुर आवाजको प्रतीक्षा गरिरहेको छ मेरो मन । थाहा छ बिन्नु, म जस्तै छ मेरो मन । चालीस वर्ष पहिले फुच्चे थियो । आज पनि त्यस्तै फुच्चे छ मेरो मन । साह्रै चुलबुले छ । अबोध छ । घृणा, कपट, षड्यन्त्र केही जान्दैन । कलेजमा पढाउने एउटी प्राध्यापक साथीले मलाई केही वर्ष पहिले भनेकी थिइन्- 'तिमी साँच्चै केटाकेटी नै छौ । आठ दश वर्षको बालक जस्तो ।' सायद मलाई स्टुपिड भन्न नचाहेर उनले त्यसो भनेकी होलिन् ।

सम्बन्धलाई मान्छेहरु यौनसँग गाँसेर मात्र हेरिदिन्छन् । मलाई दिक्क लाग्छ, एउटी महिला र एउटा पुरुषको सम्बन्ध त्यतिमा मात्र सीमित हुन्छ र ! प्रेमको गतिशील यात्रामा तिम्रो र मेरो प्रेम मन, वचन, कर्म सबैतिर व्याप्त हुन सक्छ । स्पर्श, चुम्बन, शब्द, आलिंगन वा 'जसरी पनि' प्रेम व्यक्त हुन सक्छ । त्यसमा किन आपत्ति गर्छन् मान्छेहरु !

बिन्नु, रोमन सेनाको नायक मार्क एन्टोनी र इजिप्टकी राजकुमारी क्लियोपेट्राको प्रेमजस्तो शास्त्रीय होस् भन्ने चाहन्छु, तिम्रो र मेरो प्रेम । झन्डै दुई हजार वर्ष पुरानो त्यो प्रेमकथा आज पनि अमर छ । राजा हेनरी र एन्नी बोलेनको जस्तो उदाहरणीय हुन सक्छ हाम्रो प्रेम । लुई र मेरीको जस्तो हुन सक्छ हाम्रो प्रेम । जोसेफाइन र नेपोलियनको जस्तो हुन सक्छ हाम्रो प्रेम । नारीवादी लेखिका जर्ज स्यान्डले झन्डै दुई वर्ष वर्ष पहिले फ्रेडरिक चोपिनसँग गरेको प्रेम आज पनि चर्चामा छ भने हाम्रो प्रेमको मृत्यु कसरी हुन्छ ? प्रेमका लागि राजगद्दी परित्याग गर्ने ब्रिटिस राजा एडवर्ड र वालिस सिम्पसनको कथा तिमीले अवश्य पढेकी छ्यौ बिन्नु । म पनि हाम्रो प्रेमलाई एउटा आकार दिन चाहन्छु । तिमी अक्षर बन । म भावना बनुँला । तिमी आवाज बन म शब्द बनुँला । तिमी जब करोडौं मान्छेको हुलमा पृथक् मान्छेको रुपमा परिचित, सम्मानित र मर्यादित व्यक्तित्वका रुपमा स्थापित हुनेछ्यौ, त्यसबेला तिमीभन्दा म धेरै धेरै सन्तुष्ट हुनेछ । कुनै उत्कृष्ट पुस्तकको स्रष्टाका रुपमा तिमी जब अभिनन्दित हुनेछ्यौ, त्यो दिन मेरो सपनाको पुनर्जन्म हुनेछ । थाहा छ बिन्नु, म तिमीलाई कति माया गर्छु ! हुने भए म मेरो पलपल तिमीसँग मात्रै बिताउने थिएँ । तिम्रो स्पर्शमा रमाउने थिएँ । तिम्रो मीठो स्वर सुनिरहने थिएँ । तिमीलाई केही न केही सुनाइरहने थिएँ ।

बिन्नु, हाम्रो प्रेम यस्तो होस्, सबैले इर्ष्या गरुन् । भावनात्मक, प्रतीकात्मक, संवेगात्मक र प्रयोगात्मक होस् हाम्रो प्रेम । तिमी र म यसरी बाँच्न सकुँ, जसमा हामी दुवैलाई पश्चात्ताप नहोस् । यसरी झगडा गरुँ, कुनै दिन पुनर्मिलन हुँदा पनि पश्चात्ताप नहोस् ।

मन प्रखर, प्राञ्जल, पुष्ट र पौरखी हुन खोजे पनि समयको प्रवाहमा तन अशक्त बन्दै जान्छ । सँगै जीवन बिताउने सौभाग्य होला- नहोला । तैपनि जीवनका अन्तिम क्षणहरुमा पनि म तिम्रा हातहरु सुमसुम्याएर भन्न पाउँ- 'बिन्नु, म तिमीलाई माया गर्छु ।'

# सरसफाईमा जुट्दै बालबालिका

■ बिरा गडाल / बैतडी



सिद्धेश्वर-७ का किशोर महरा एक घण्टा अघि नै घरबाट बिद्यालयको लागि निस्कन्छन आधा घण्टाको दुरीमारहेको बिद्यालय पुग्नु अघि गाँउ घर वरपरको फोहर सफा गर्नमा लाग्छन । गाँउ वरपर भएका प्लाष्टिकदेखी अन्य फोहर टिपेर डष्टविनमा राख्ने कामको लागि आधा घण्टा छुट्याएका छन । उनी मात्रै होइन गाँउका सबै बालबालिकाको यो नियमित प्रक्रिया नै हो । ३ बर्ष अघि गठन भएको जीवन ज्योति बाल क्लवमा आवद्ध बालबालिका गाँउको फोहर संकलन मात्र गर्दैनन, प्रत्येक हप्ताको एक दिन प्रत्येक घरको शौचालय अनुगमन गर्ने गर्छन । शौचालयमा साबुन पानी अन्य सरसफाईको अवस्था हेर्ने गर्छन । फोहर शौचालय सफा गर्नको लागि घरधनीलाई सम्झाउछन ।

बालबालिकाहरुले सम्झाएपछि अभिभावकले पनि सजिलै मान्दै आएका छन । अटेर गर्नेलाई समाजिक रुपमा कारवाही समेत बाल क्लवले गर्ने गरेको छ । सुरुमा बालबालिकाहरुलाई सम्झाउन सहज थिएन । यि भुराभुरीले के भन्छन भनेर ठुलो स्वरमा कराउनेहरु समेत अहिले बाल क्लवको काममा सहयोग गर्न थालेका छन । सिद्धेश्वर गाविसले बालमैत्री स्थानिय शासन अवलम्वन गरेपछि बाल क्लवले सक्रियता बढाएको हो । गत २०७३ साल पुस १ गते गाविसलाई एक कार्यक्रमका साथ ७ नम्बर प्रदेशको पहिलो र देशकै तेस्रो बालमैत्री गाविस घोषणा गर्न सक्षम भएको हो । बालमैत्री गाविस घोषणासँगै गाविसका बालबालिका बालक्लव मार्फत समाज परिवर्तन र आफना हकअधिकारको लागि अग्रसर भएका हुन ।

यो गाविस स्थानीय तहको पुनर्सरचना हुँदा बैतडी जिल्लाको पाटन नगरपालिकामा गाभिएको छ । साविक सिद्धेश्वरका वडा नम्बर ३,७, ८ र ९ पाटन नगरपालिकाको ८ नम्बर वडा भएकृ छ भने साविक १,२,४,५ र ६ नम्बर वडा पाटन नगरपालिकाको ९ नम्बर वडामा परिणत भएको छ । अहिले सिद्धेश्वर गाविसमा दुईवटा सेवा केन्द्रका रुपमा बिभाजित छ ।

गाँउमा समुदाय स्तरका ९ बाल क्लव छन सरसफाईदेखी समाजिक विकृति, महिला हिंसा, जुवातास मदिरा, बाल विवाह लगायत समाजिक अन्धविश्वास हटाउन बाल क्लव सक्रिय भएको वडा नागरिक मञ्चकी संयोजक लक्ष्मी महराले बताइन ।

बाल क्लवका सदस्यहरु गाँउको फोहर सफा गर्न मात्र होइन अन्य समाजिक क्रियाकलापमा समेत हातेमालो गर्ने गरेका छन । बिकास निर्माणदेखी अन्य समाजिक कार्यमा बालबालिकाहरुले अर्थपुर्ण भुमिका खेल्दै आएको स्थानिय हरिसिंह महराले जानकारी दिए । बालबालिकालाई बिद्यालय पठाउनदेखी बालविवाह समाजिक हिंसा, महिला हिंसा लगायत अन्य जनचेतनाका क्रियाकलाप गाँउमा नियमति हुने गरेको महराले बताए । बाल क्लवले गाँउको स्थानिय बजार र प्रत्येक घरमा डष्टविन समेत राखेका छन । पहिले जताततै फाल्ने फोहरमैलाअहिले स्थानियले पनि डष्टविनमा जम्मा गर्ने बानी पारेका छन । यस अघि गाँउमा जताततै फोहरमैलाले दुर्धन्धित गाँउ अहिले सफा र चिटिक्क देखिने गरेको स्थानिय बताउछन । घरमा जम्मा भएको कुहिने र नकुहिने फोहर अलग गरेर व्यवस्थापन गर्ने गरेको स्थानिय तारा महराले बताईन ।

सिद्धेश्वर गाविस बालमैत्री मात्र होइन खुला दिसामुक्त, पुर्ण साक्षर, पुर्ण खोपयुक्त गाविस घोषणापछि पुर्ण सरसफाईयुक्त गाविसको परिकल्पना गरेको छ । त्यही कल्पना सकार पार्न बाल क्लवका सदस्य अग्रसर हुन थालेका हुन । यसअघि अनियन्त्रित फोहोर मैला र खुल्ला दिसामुक्त गाँउ बनाउन बालबालिका जुटेका थिए ।बालबालिकाहरुकै पहलमा गाँउमा चेतनाको विकास भएको छ । सावुन पानीले हात धुनेदेखी गर्भवती अवस्थामा गर्भजाँच आइरनचक्की खाने लगायत खोप र स्वास्थ्य संस्थामा गएर सुत्केरी गराउन समेत बाल क्लवले पहल चाल्ने गरेको चन्द्रसुर्य बालक्लवका अध्यक्ष राकेश महराले बताए ।

बाल क्लबले कार्ययोजना बनाएरै सरसफाई अभियान चलाइरहेको बालक्लवकी सदस्य राजेश्वरी महाले बताइन । गाउँघरमा सरफाई सम्वन्धि चित्रकला, नाटक, वक्तत्वकला सम्वन्धि जनचेतनामुलक अभियान चलाएर समाजमा सकारात्मक शन्देश प्रवाह गरेको स्थानिय बताउछन ।

बाल क्लवले योजनावद्ध ढङ्गले कार्ययोजना वनाएर अभियान चलाइरहेको छ । बाल क्लवकै कारणले बिद्यालयमवसमेत बालमैत्री शिक्षाको अवधारणा आएको छ । गाविसमा संचालित हरेक बिद्यालयमा बालमैत्री कक्षा, धारा शौचालय समेत निर्माण भएको सिद्धेश्वर निमाबि हुक्केडाका प्रअ नरेन्द्र भट्टले जानकारी दिए ।

क्लवले सरसफाई अभियान सञ्चालन गरेपछि स्थानीयवासी पनि यसको अनुसरण गर्न थालेको शंकरपुरका स्थानिय गंगादत्त अवस्थीले बताए । बालबालिका केन्द्रित कार्यक्रम गर्दा सन्देश प्रवाह गर्न सहज भएको स्थानिय विकास अधिकारी खेमराज विष्टले बताए । उनले भने ‶सरसफाईको क्षेत्र होस वा अन्य क्षेत्र गाँउसम्म सुचना प्रवाहको सहज माध्यम बालबालिका हुने गरेका छन ।'

गाउँघरमा सरसफाईसहित बाल क्लवले क्षमता अभिवृद्धिका कार्यक्रम पनि गर्दै आएको छ । बाल भित्तेपत्रिका, किशोर-किशोरी शिक्षा बालविवाह मुक्त लगायतका तालिम पनि बालबालिकाहरुले सञ्चालन गर्दै आएका हुन । बालबालिकाको क्षमता अभिवृद्धिका लागि स्थानिय गाविसले सहयोग र सहजीकरण गर्दै आएको गाविस सचिव प्रेम बिष्टले बताए ।हरेक गतिविधिमा बालबालिकालाई अग्रसर गराउँदा उनीहरुको क्षमता अभिवृद्धि भएको गाविस सचिव बिष्टले बताए ।

*–साभारः बालमैत्री स्थानीय शासन मीरेष्ट लेखमाला*

# मध्यपूर्वमा सिया र सुन्नीबीच संघर्ष र टकराव



**विष्णु भट्टराई**








साउदी अरबको भ्रमणमा गएको बेला लेबनानी प्रधानमन्त्री साद हारीरीले राजीनामा दिएपछि त्यसले मध्यपूर्वको राजनीतिलाई निकै ततायो । हारीरीले आफूमाथि कट्टरपन्थीहरुको निशानामा परिने कारण बताउँदै राजीनामा दिएको जनाएका थिए ।

हारीरीले एक महिना पहिले नोभेम्बर ४ मा साउदी अरेबियाको राजधानी रियादबाट टेलिभिजन सम्बोधनमार्फत प्रधामन्त्रीबाट राजीनामा दिएका थिए । लेबनानी राष्ट्रपतिले हारीरीको राजीनामा स्वीकृत गरेका थिएनन् । राजीनामा फिर्ता लिन राष्ट्रपति मिसेल आउन तथा शुभेच्छुकहरुले गरेको अनुरोध बमोजिम मैले राजीनामा फिर्ता लिएको छु । उनले भनेका छन् । यसरी हारीरीले राजीनामा फिर्ता लिएर पुनः लेबनानी प्रधानमन्त्रीको पद सम्हाल्ने भएका छन् ।

अहिले साउदी अरब र इरानबीचको टकराबले सबैको ध्यान तानेको छ । केही समयअघि साउदी अरबसहितका खाडी राष्ट्रले अर्को खाडी राष्ट्र कतारसँगको कूटनीतिक सम्बन्ध तोड्दै नाकाबन्दी लगाएपछि उत्पन्न संकटपछि अहिले साउदी र इरानबीच पुनः सम्बन्ध बिग्रिएको हो । खाडी राष्ट्रले कतारमाथि आतंकवादीलाई आर्थिक सहयोग गरेको आरोपमा यो नाकाबन्दी लगाए पनि त्यसो नभएर कतारका अमीर शेख तमिम बिन हमद अल थानीले इरानको पक्षमा दिएको अभिव्यक्तिको परिणाम थियो । यो क्षेत्रमा नस्लीय, धार्मिक, सांस्कृतिक र कूटनीतिक दरार धेरै गहिरो रहेको छ । मध्यपूर्वमा दुवै राष्ट्र ठूला शक्ति हुन्, र इरान र साउदी अरब दुवैको सम्बन्ध· धेरै तित्ततापूर्ण सम्बन्ध मात्रै छैन आफ्नो क्षेत्रमा प्रभाव विस्तार गर्न जुटेका दुवैबीच बेलाबेलामा संघर्षको अवस्था देखिने गरेको छ । गत महिना इरान समर्थित हुथी विद्रोहीविरुद्ध यमनमा संघर्षरत साउदी अरबको राजधानी रियादमा नै एउटा क्षेप्यास्त्र खसाइएको थियो भने त्यसै बेला लेबनानी प्रधानमन्त्रीले साउदी अरबमा आएर प्रधानमन्त्रीको पदबाट राजीनामा दिएपछि दुई देशबीच पुनः संघर्षको अवस्था देखा परेको हो । लेबनानमा पनि इरान समर्थित हिज्बुल्ला संगठनले आफ्ना गतिविधिलाई अगाडि बढाइरहेको छ ।

साउदी अरब कट्टरपन्थी सुन्नी मुस्लिमको बाहुल्यता रहेको इस्लामिक मुलुक हो भने इरान सिया मुस्लिमको बाहुल्यता भएको मुलुक हो । दुवै देशको राजनीति र कूटनीतिको केन्द्रमा धर्म रहेको छ । साउदीले आफूलाई सुन्नी इस्लामको रक्षक मान्दछ भने इरानले आफूलाई सिया मुस्लिमको प्रेरणास्रोत, रक्षक र सहयोगी मान्छ । मध्यपूर्वमा इरान, इराक र बहराइनजस्ता केही देश छन्, जहाँ सियाको जनसख्या सुन्नीको भन्दा बढी रहेको छ । बाँकी मध्यपूर्वका देशमा सुन्नी समुदायको बाहुल्यता रहेको छ । साउदी अरब मुस्लिमको पवित्र धार्मिक स्थल मक्का-मदिना भएको र आफ्नो देश विश्वको सबैभन्दा बढी तेल भण्डार भएको मुलुकको रूपमा रहेकाले आफूलाई सुन्नी समुदायको नेता मान्दछ । अर्कोतर्फ साउदी र अमेरिकाबीचको सम्बन्ध राम्रो रहेको छ भने सन् १९७९ को इस्लामिक क्रान्तिपछि अमेरिका र इरानबीचको सम्बन्ध दुस्मनीपूर्ण रहँदै आएको छ । सन् २०१५ मा सार्वजनिक भएको विकिलिक्सको प्रतिवेदनमा पनि साउदीले अमेरिकामाथि इजरायलबाट आक्रमण गर्न दबाब दिएको बाहिर आएपछि दुस्मनीको नयाँ चरण सुरु भएको हो । उसले इरानमाथि आतंकवादीलाई आर्थिक सहयोग गर्ने गरेको, लेबनानको हतियारधारी हिज्बुल्लालाई समर्थन गरेको लगायतका आरोप लगाउँदै आएको छ । अर्कोतर्फ इराक र सिरियामा लडिरहेका हतियारधारी विद्रोही समूहको तार सिया-सुन्नी मुस्लिमको आधारमा इरान र साउदी अरबसँग जोडिएको बताइदै आएको छ ।

मध्यपूर्वमा तीन ठूला प्रभावशाली समूह अरबी, फारसी र तुर्क रहेका छन् । उनीहरूबीच सदियौंदेखि संघर्ष चल्दै आएको छ भने एकै क्षेत्रमा रहनुका बाबजुद सांस्कृतिक रूपमा अरबी र इरानी धेरै फरक छन् । इरान र इराकबीच ८० को दशकमा लामो संघर्ष सिया-सुन्नी टकरावकै रूप थियो । सिया बहुल इराकमाथि सुन्नी सद्दाम हुसैनको शासन थियो र इराकको सिया जनसंख्यामा इरानको बढ्दो प्रभावका कारण सद्दाममाथि परेको हैरानी युद्धको प्रमुख कारण बन्यो । बहराइन र इराकजस्ता सियाबहुल देशमा लामो समयसम्म सुन्नी मुस्लिमहरूको शासन कायम रह्यो । इरान र साउदी अरबबीच अविश्वासमा अर्को प्रमुख कारक भनेको अमेरिका पनि हो । साउदी अरब अमेरिकी हतियारको एक ठूलो खरिददारमा एक हो । साउदी सुरक्षासहित महत्वपूर्ण आवश्यकतामा अमेरिकामाथि निर्भर रहेको छ भने इरान र अमेरिकाबीच राजनीतिक सम्बन्ध छैन र ऊ धेरै मामलामा आत्मनिर्भर रहेको छ । अमेरिकाको तमाम प्रतिबन्ध र दबाबकाबीच उसले स्वतन्त्र रूपमा आफ्नो परमाणु कार्यक्रम अघि बढाएको छ । अफगानिस्तानमा भने दुवै देश आफ्नो प्रभाव जमाउन लागिपरेका छन् । खासगरी आफ्नो सीमा जोडिएको पश्चिमी अफगानिस्तानमा इरान धेरै सक्रिय छ । साउदी र इरानबीच लामो समयसम्म चल्ने यसप्रकारको टक्करले दुरगामी रूपमा ठूलो असर भने पार्नेछ ।

सुन्नी-सुन्नी मुस्लिमले आफूलाई इस्लामको सबैभन्दा धर्मनिष्ठ र पारम्परिक शाखा मान्दछ । सुन्नी शब्द ' अहल अल-सुन्ना' बाट आएको हो, जसको अर्थ परम्परालाई मान्ने मानिसहरू भन्ने हुन्छ । यो मामलामा परम्पराको सन्दर्भ पैगम्बर मोहम्मद र उनका नजिकैकाको व्यवहार या दृष्टान्तमा आधारित हो । सुन्नीले कुरानमा उल्लेख गरिएका सबै पैगम्बरलाई मान्छन् र अन्तिम पैगम्बर मोहम्मद थिए । त्यसपछिका सबै मुस्लिम नेतालाई सांसारिक मुस्लिम नेताका रूपमा हेर्दछ ।

सिया- सुरुवाती इस्लामिक इतिहासमा सिया एक राजनीतिक समूहका रूपमा थिए, 'शियत अली' अर्थात अलीको पार्टी । सियाहरूले मुस्लिमको नेतृत्व गर्ने अधिकार अली र उनका बंशजको भएको दाबी गर्दछन् । अली पैगम्बरका ज्वाई थिए । मुस्लिमका नेता अर्थात खलिफा को हुने भन्ने विषयमा भएको संघर्षमा अली मारिए । उनका छोरा हुसेन र हसनले पनि खलिफा हुनका लागि संघर्ष गरेका थिए । हुसैनको मृत्यु युद्धक्षेत्रमा भयो भने हसनलाई बिष खुवाइएको थियो । यो घटनाका कारण सियामा सहादत र शोकलाई धेरै महत्व दिइन्छ । सियाहरूको जनसंख्या मुस्लिम जनसंख्याको १० प्रतिशत रहेको अनुमान छ । इरान, इराक, बहराईन, अजरबैजान र यमनमा सियाको बाहुल्य रहेको छ भने अफगानिस्तान, भारत, कुवेत, लेबनान, पाकिस्तान, कतार, सिरिया, टर्की, साउदी अरब र युएईमा पनि सियाको ठूलो संख्या रहेको छ ।

सन् १९७९ को इरानी क्रान्तिदेखि सिया इस्लामी एजेन्डाको सुरुवात भयो । जसलाई सुन्नी सरकारले चुनौतीका रूपमा लियो । इरानले आफ्नो सीमाबाहिर सिया लडाकु र पार्टीलाई समर्थन गरेपछि यसलाई खाडी राष्ट्रले चुनौतीका रूपमा माने र उनीहरूले सुन्नी सरकार विदेशमा सुन्नी आन्दोलनमा सम्पर्क बढाए । लेबनानमा गृहयुद्धका क्रममा सियाले हिज्बुल्लाको सैन्य कारबाहीका कारण राजनीतिक रूपमा शक्ति हासिल गर्न सक्यो । पाकिस्तान र अफगानिस्तानमा तालिवानजस्ता कट्टरपन्थी सुन्नी संगठनले अधिकांश रूपमा सियाको धार्मिक स्थानलाई निशाना बनाउने गरेको छ । इराक र सिरियामा भएको संघर्षले पनि दुई समुदायबीच ठूलो पर्खाल खडा गरिदिएको छ ।

दुवै देश सुन्नी युवा विद्रोही गुटमा सामेल भएका छन् । जसमा धेरैजसो अलकायदाको कट्टर विचारधारा मान्दछन् । सिया समुदायका अधिकांश कट्टर युवा सरकारी सेनासँग मिलेर यिनीहरूसँग संघर्ष गरेका छन् ।

संसारकै सबैभन्दा बढी तेल खानी भएको सुन्नी प्रभुत्व रहेको साउदी अरबमा मुस्लिम समुदायले सबैभन्दा बढी आस्था र श्रद्धा गर्ने मक्का-मदिना छ । साउदी अरबलाई मध्यपूर्वमा इरान हावी हुने ठूलो डर देखिन्छ । सोही कारण उनले सिया नेतृत्वको प्रभावको विरोध गर्दै आएको छ । युवा र शक्तिशाली युवराज मोहम्मद बिन सलमान छिमेकी यमनमा हुथी विद्रोहीका विरुद्ध लामो लडाई लडिरहेका छन् । उसले यी विद्रोहीलाई इरानको साथ रहेको आरोप लगाउँदै आएको छ भने इरानले यसलाई अस्वीकार गर्दै आएको छ । साउदी अरबले इरानका मुख्य सहयोगी रहेका सिरियाका राष्ट्रपति बसर अल असदलाई हटाउन चाहेको छ । संसारकै सबैभन्दा ठूलो हतियार आयातकर्ता साउदीसँग संसारकै सबैभन्दा शक्तिशाली हतियार समेत रहेका छन् ।

यता इरान सन् १९७९ मा एक इस्लामिक राज्य बनेको हो । त्यसबेला इरानमा राजतन्त्र हटाएर आयातुल्लाह खमेनीको नेतृत्वमा राजनीतिक शक्तिले बलियो बनाएको छ ।

*एजेन्सीहरुबाट*

## रोचक संसार

### खराब चिडियाखाना

दक्षिणी चीनको गुआंग्जी झुआंग स्वायत्त क्षेत्रस्थित युलिन सहरमा हालै स्थापना गरिएको गुइसान चिडियाखाको उद्घाटन गर्नका लागि ठूलै प्रचार प्रसार गरिएको थियो । चिडियाखानामा दक्षिणी ध्रुवको पेन्गुइनदेखि अन्य धेरै जीवहरु हेर्न पाइने भनी प्रचार गरिएकोले चिडियाखानाको उद्घाटन हुने दिनमा ठूलो संख्यामा आन्तरिक पर्यटकहरु त्यहाँ पुगे । तर, जब उनीहरु चिडियाखाना भित्र छिरेर त्यहाँ हुने भनिएका जनावरहरु हेरे, तब उनीहरुको आक्रोसको सिमा रहेन । नरिसाउन् पनि किन ? कत्ति न के के जनावर राख्ने भनिएको उक्त चिडियाखानामा पेन्गुइन साँच्चीकैको थिएन, प्लास्टिकका पेन्गुइन गुडियाहरु मात्र राखिएका थिए ।

१५ युआन तिरेर चिडियाखानामा प्रवेश गर्ने मानिसहरुले चिडियाखानामा ज्यूँदा जनावरको नाउँमा केवल कछुवा, कुखुरा तथा हाँसहरु मात्र देख्न पाए । कछुवा एउटा सिसाको बाकसमा राखिएको थियो र त्यस बाहिर भाग्यशाली कछुवा लेखिएको थियो । त्यसैले चिडियाखाना जाने मानिसहरु आफ्नो भाग्य खुल्ने आशामा कछुवालाई पैसा चढाइरहेका थिए । चिडियाखानामा २ वटा कुखुरा र ५ वटा हाँस थिए । चिडियाखानाले गलत विज्ञापन गरेर मानिसहरुलाई चिडियाखानाभित्र प्लास्टिकका पेन्गुइन देखाएको फोटोहरु इन्टरनेटमा सार्वजनिक भएसँगै त्यो चीनका मिडियाहरुमा हेडलाइन बन्यो । तर त्यस्तो गलत विज्ञापन गरेर आगन्तुकबाट पैसा असूल्ने चिडियाखाना व्यवस्थापनलाई कारवाही भने हुन सकेको छैन । मानिसहरुले त्यो चिडियाखानालाई विश्वकै सबैभन्दा खराब चिडियाखानाको दर्जा दिएका छन् ।

### पेटलाई खुत्रुके

भारतको महाराष्ट्रस्थित पालघर जिल्लामा एकजना व्यक्तिको पेट सहनै नसक्ने गरी दुख्यो । त्यसपछि उनी पेटको उपचार गर्न भनी अस्पताल गए । अस्पतालमा गएर डाक्टरहरुले उनको पेटको एक्सरे गरी जाँच गर्दा पेटभित्र असामान्य रुपमा धातुजन्य पदार्थहरु रहेको पत्ता लगाए । त्यसपछि उनको पेटको शल्यक्रिया गरी भित्रको



त्यो कडा पदार्थ निकालियो । जब डाक्टरहरुले पेटभित्र रहेका कडा पदार्थहरु बाहिर निकाले, तब उनीहरु अचम्ममा परे । ती व्यक्तिको पेटभित्रबाट ७२ वटा सिक्का निकालिएको थियो ।

कृष्ण सोमलया साम्बर नामक ५० वर्षका ती व्यक्ति दुर्लभ रोग मेटलोफगियाबाट पिडित छन् । यो रोग लागेका मानिसहरुमा धातुजन्य पदार्थ खाने बानी हुन्छ । यो एक प्रकारको मानसिक असन्तुलनको अवस्था हो । सोही कारण कृष्णले लामो समयदेखि सिक्का निल्ने गरेका थिए । जसका कारण उनको पेटभित्र ७२ वटा सिक्का जम्मा भएछन् । पछिल्लो २० वर्षदेखि उनी यो रोगबाट पीडित रहेको बताइएको छ । यसक्रममा उनले सुन, चाँदी तथा फलामका धेरै चिजहरु खाइसकेका छन् । स साना टुक्राहरु दिसासँगै बाहिर निस्केपछि ठूला सिक्काहरु उनको पेटभित्रै अड्किए ।


### विमानस्थलमा साङ्ला



चीनका एक प्रौढ दम्पत्ति आफ्नो हातमा २ सय वटा ज्यूँदो साङ्ला लिएर हवाई जहाजमा यात्रा गर्न चाहन्थे । आखिर उनीहरुले किन यस्तो चाहे त ? कारण थाहा पाउँदा तपाइँ हैरान हुनुहुनेछ । चीनको गुआंग्डोन बैयुन अन्तराष्ट्रिय विमानस्थलका ग्राउण्ड स्टाफले सुरक्षा जाँचका क्रममा एक प्रौढ दम्पत्तिले हातमा बोकेको सेतो झोला चेक गरे । उक्त भोला स्क्यान मेसिनले जाँच गर्दा त्यसभित्र केही कालो धब्बाहरु देखिए । ती काला धब्बाहरु चलायमान भएका कारणले शंका उब्जियो । त्यसपछि जब कर्मचारीले त्यो झोला खोलेर त्यसभित्र हात हालेर हेरे, तब कर्मचारी तिनछक परे । उक्त दम्पत्तिले झोलाभित्र ठूलो संख्यामा ज्यूँदा सांग्लाहरु राखेका थिए । झोलाभित्र २ सय गोटा साङ्ला फेला परे । साथै उनीहरुसँग त्यतिधेरै साङ्ला कहाँ र किन लग्न थालेको भनेर सोधियो ? झोलाभरि साङ्ला बोकेर जहाज चढ्न थालेको उक्त दम्पत्तिमध्येका पुरुषले ती साङ्लाहरु आफ्नी श्रीमतीको घरेलु उपचारमा प्रयोग हुने खुलासा गरे । उनकी पत्नीको छालाको रोग रहेछ ।

### अनौठो ग्रह

पृथ्वीमा एक वर्षमा ३ सय ६५ दिन अर्थात् ८७६० घण्टा हुन्छ । हालै एक खगोलिय दूरवीन केप्लर टेलिस्कोपले एउटा यस्तो ग्रह पत्ता लगाएको छ जसमा सात घण्टामै एक वर्ष सकिन्छ । यो ग्रहमा समय यति छिटो बितिरहेको हुन्छ की पृथ्वीमा एक वर्ष हुँदा त्यहाँ १२ सय ५१ वर्ष बितिसकेको हुन्छ ।यो



ग्रहलाई अन्तरिक्षको सबैभन्दा तिव्र गतिको ग्रह भनिन्छ । यो ग्रहले ६.७ घण्टामा सूर्यलाई परिक्रमा गर्दछ । यो ग्रहको नाम भ्एक्स्त्र् द्दढटघढघद्धठद्ध द राखिएको छ । यस्तो अर्को नाम सी १२३४७४ हो । यो नयाँ ग्रह पृथ्वीको नजिक रहेको र पृथ्वीभन्दा झण्डै ५ गुणा ठूलो आकारको रहेको बताइएको छ । यो ग्रहमा ७० प्रतिशत फलाम रहेको सम्भावना छ । उच्च विकीरणका कारण यो ग्रह मानव बसोबासका लागि योग्य छैन । यो ग्रहमा झण्डै ७ घण्टाको एक वर्ष हुने भएपछि एक दिन चाहीँ ठ्याक्क कति समयको हुन्छ भन्ने चाहीँ गणना गरिएको छैन । हाल वैज्ञानिकहरुले यसमाथि थप अनुसन्धन गरिरहेका छन् ।

### तालमा पुरानो महल



टर्कीको सबैभन्दा ठूलो तालको पिँधमा झण्डै ३ हजार वर्ष पुरानो मानिएको फलाम युगको एक पुरातात्विक महल फेला परेको छ । टर्कीको सुदुरपूर्वमा रहेको लेक भान नामक प्राकृतिक तालमा पुरातत्वविदहरुले हालै फलामे युगको मानिएको महल फेला पारेका हुन् । स्थानीय बासिन्दाहरुले सयौं वर्षदेखि उक्त तालमुनि घरहरुको भग्नावशेष रहेको बताउँदै आएका थिए । सोही आधारमा शोधकर्ताहरुले उक्त तालमा गोताखोर हरुको सहयोगमा अनुसन्धान गरेका हुन् । तालको पिँधमा झण्डै एक किलोमिटर स्मारकको क्षेत्रफल फैलिएको र प्रष्ट देखिएको पर्खाल १० देखि १३ फिटसम्म अग्लो रहेको शोधकर्ताहरुको भनाई छ ।

प्राचीन कालमा तालको सतह बढ्दै गएपछि उक्त क्षेत्रमा रहेको सहर डुबेको हुनसक्ने वैज्ञानिकको अनुमान छ । तालको आसपासमा अझैपनि विभिन्न भग्नावशेषहरु देख्न सकिन्छ ।

### मुक्केबाजलाई गाई

कुनैपनि खेलकुद प्रतियोगितामा विजेतालाई पदक सहित नगद धनराशी, गाडी, लगायतका पुरस्कार दिने गरेको त देखिएकै थियो । तर भारतमा चाहीँ अब महिला बक्सिङ खेलाडिलाई गाई पुरस्कार दिइने भएको छ । भारतको हरियाणा राज्यका पशुपालन मन्त्री ओम



प्रकाश धनखडले नोभेम्बर २९ मा यस्तो घोषणा गरेका हुन् । उक्त दिन उनी हरियाणा राज्यमा बक्सिङ प्रतियोगिताका विजेता खेलाडिहरुलाई सम्मान गर्न रोहतक पुगेका थिए । सोही अवसरमा मन्त्रीले विजेता महिला खेलाडिहरुलाई पुरस्कारमा गाई प्रदान गरिने घोषणा गरे । मन्त्री धनखड हरियाणा बक्सिङ संघका अध्यक्ष पनि हुन् । आखिर महिला बक्सिङ खेलाडिलाई पुरस्कारको रुपमा गाई दिनुको अर्थ के त ? त्यस अवसरमा मन्त्रीले गाईको दुधको फाइदाका बारेमा बताउँदै गाईको दुध मुक्केबाजका लागि निकै फाइदाजनक हुने बताए । गाईको दुधमा भैंसीको दुधभन्दा कम बोसो हुने, भैंसी सधै सुतिरहने तर गाई निकै फुर्तिलो हुने उनको दावी थियो ।

*एजेन्सीहरुबाट*

प्रेरक

## कर्तव्य



भारतीय स्वतन्त्रता आन्दोलनका अगुवामध्येका सरदार बल्लभभाइ पटेल नाम कहलिएका वकिल थिए । एक दिन उनी अदालतमा एउटा फौजदारी मुद्दामा बहस गरिरहेका थिए । पटेललाई थाहा थियो आफूबाट दह्रो बहस हुन सकेन भने अभियुक्तले फाँसी पाउन सक्छ । ती अभियुक्तलाई कठोर सजाय हुनबाट बचाउनु नै वकिल भएको नाताले उनको कर्तव्य थियो । बहसकै क्रममा एक व्यक्तिले एउटा तार ल्याएर दिए । पटेलले त्यो कागज यसो हेरे र खल्तीमा राखे अनि बहस जारी राखे । बहस निकै बेरसम्म चलिरह्यो ।

जब पटेलले आफ्नो बहस सिध्याए र बाहिर आउन लागे, ती तार दिने व्यक्तिले सोधे- सरदारजी तारमा के खबर रहेछ ? पटेलले जवाफ दिए श्रीमती मरिछिन् त्यही खबर रहेछ । ती व्यक्तिले पटेलसँग भने- त्यस्तो इमर्जेन्सी खबर पाउँदा पनि तपाईं त केही नभएजस्तो गरेर बहस गरिरहनुभयो नि ? जाने त गइसकिहालिन् अब बाँचेकालाई पनि व्यर्थमा किन जान दिने ? उसलाई त अनाहकमा मर्न दिन भएन नि ?

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

परिस्थितिवश चिताएको काम रोकिन सक्छ । आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् । मौका आए पनि काम थाल्नुअघि राम्ररी विचार पुर्‍याउनुहोला । व्यवसायमा बाधा पुग्नेछ भने अरूका लागि बुद्धि खर्चनुपर्ने देखिन्छ । व्यवसायभन्दा सेवामूलक कामबाट राम्रो उपलब्धि प्राप्त हुनेछ । तत्काल ठूलो फाइदा नदेखिएकाले लाभ उठाउन हतार नगर्नुहोला ।

### बृष

वचन पुर्‍याउन नसक्ता अरूले आलोचना गर्न सक्छन् । आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ । बोलीको गलत अर्थ लाग्नाले सहयोगीहरू टाढिन सक्छन् । अर्थ अभावले काम रोकिने सम्भावना छ । विगतको श्रमबाट भने लाभ हुनेछ । आक्षेप लगाउनेहरूले दुस्ख देलान् । मानसम्मानमा आघात पुग्न सक्छ । तापनि, शुभचिन्तकहरूको माध्यमबाट स्थितिमा सुधार आउनेछ ।

### मिथुन

विभिन्न अवसर प्राप्त भए पनि आफ्नै कमजोरीले पछि परिनेछ । व्यवहारमा केही चुनौतीहरू देखा पर्नेछन् भने विशेष योजना स्थगित हुन सक्छ । आफ्नो क्षेत्रमा अरूले अधिकार जमाउन सक्छन् । खानपान र भेटघाटमा अलमलिनाले चिताएका काममा बाधा उत्पन्न होला । तापनि मिहिनेत गर्दा पछिका लागि फाइदा हुने काममा जग बसाउने अवसर प्राप्त हुनेछ ।

### कर्कट

छिमेकमा असमझदारी बढ्ने देखिएकाले होसियारीसाथ काम लिनुहोला । फाइदाका लागि केही वस्तु त्याग्नुपर्ला । केही मात्रामा खर्च बढ्नेछ भने व्यवसायमा लगानी बढाउनुपर्ला । आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ । लामो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आफ्नाबाट भने टाढिनुपर्ने हुन सक्छ । केही खर्च लागे पनि यात्राको प्रक्रिया अघि बढ्नेछ ।

### सिंह

मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ । तारिफयोग्य काम सम्पादन गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ । दैनिक काममा पनि उल्लेख्य फाइदा हुनेछ । थोरै लगानीबाट मनग्गे नाफा उठाउन सकिनेछ । विभिन्न भौतिक साधन जुट्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । आयआर्जनका स्रोत बढ्नेछन् र प्रतीक्षित नतिजाले पनि उत्साह जगाउनेछ ।

### कन्या

मिहिनेतले नयाँ जिम्मेवारी दिलाउनेछ । तारिफयोग्य कामको चर्चा हुनेछ । उपलब्धिको स्रोत प्राप्त हुनुका साथै दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ । तर अरूका काममा समेत समय खर्चनुपर्ला । सामाजिक उत्तरदायित्व प्राप्त भए पनि आफ्ना काम रोकिन सक्छन् । परिस्थितिवश चिताएको काम रोकिन सक्छ । आफ्नो श्रमबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् ।

### तुला

सामाजिक उत्तरदायित्व वहन गर्दै फाइदा हुने काम र जिम्मेवारी हात पार्ने मौका छ । तारिफयोग्य कामले धेरैको मन जित्न सकिनेछ । समुदायको हितमा राम्रै काम गर्न सकिनेछ । टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ । भाग्यले विभिन्न अवसर थमाउनेछ । उपलब्धिको स्रोत पहिल्याउन सकिनेछ । अरूको काममा जुट्नुपरे पनि फाइदा आफैंलाई हुनेछ ।

### बृश्चिक

पहिलेका समस्या दोहोरिनाले अलमल बढ्न सक्छ । हल्लाको पछि लाग्दा दुस्ख पाइनेछ । गोपनीयता बाहिरिनाले पनि काममा समस्या आइपर्ला । स्वास्थ्यसम्बन्धी चिन्ताले सताउन सक्छ । परिस्थितिवश आँटेको काममा बाधा हुन सक्छ । आफ्ना कामबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् । अरूकै लागि बुद्धि र श्रम खर्चनुपर्ला । समय नदिँदा योजना अधुरै रहनेछ ।

### धनु

पहिलेको सफलताले हौसला जगाउनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । काम बन्नुका साथै धनलाभ हुनेछ । बिछोडिएका आफन्तजनसँग रमाइलो भेटघाट हुन सक्छ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । विगतका कमजोरीलाई पनि सुधार गर्ने मौका छ । तर अधैर्य व्यवहारले आत्मसम्मानमा आघात पुर्‍याउन सक्छ, सजग रहनुहोला ।

### मकर

स्वास्थ्यसम्बन्धी चिन्ताले सताउन सक्छ । ईर्ष्या गर्नेहरूले काममा अवरोध पुर्‍याउन सक्छन् । आफ्ना कामबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् । अरूकै लागि बुद्धि र श्रम खर्चनुपर्ला । हल्लाको पछि लाग्दा दुस्ख पाइनेछ । बलभन्दा बुद्धिको उपयोगले फाइदा दिलाउनेछ । खर्च लागे पनि यात्रा गर्ने प्रक्रिया अघि बढ्नेछ । हुलमुलमा धनमाल जोगाउन सजग रहनुहोला ।

### कुम्भ

प्रयत्न गर्दा चिताएका काम सम्पादन हुनेछन् । सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । सहपाठीहरू पछि पर्नेछन् । मेहनतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ । व्यापारमा धेरै फाइदा नभए पनि पशुपालन तथा कृषि क्षेत्रबाट राम्रो लाभ मिल्नेछ । सन्तान वा अनुयायीको साथले पनि हिम्मत जगाउनेछ ।

### मीन

अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ । साझेदारीमा देखिने समस्याले पहिलेको सम्झौता भंग हुन सक्छ । बेसुरमा वचन दिनाले दुःख पाइनेछ । तापनि, साथीभाइले साथ दिनेछन् । पशुधन र जमिनबाट लाभ हुनेछ । मान्यजनको सुझाव शिरोधार्य गर्दा फाइदा हुनेछ । परिवारमा आमाको माध्यमबाट काम बनाउन सकिनेछ ।

## प्रतिमासाग राजवल्लभले लगनगाठो कसे

३ महिना अगाडि अमेरिकामा प्रतिमा बिमलीसँग टिकाटालो गरेका नायक राजवल्लभ कोइराला बेहुला भएका छन् । आइतबार अमेरिकाको डिसी महानगर क्षेत्रको स्प्रिङ्गस फिल्डमा दुबै पक्षको आफन्तहरूको उपस्थितिमा राजवल्लभले प्रतिमाको सिउँदो भरे । प्राप्त जानकारी अनुसार, राजवल्लभ र प्रतिमा लामो समयदेखि अफेयरमा थिए । झापाकी प्रतिमाको परिवार अहिले अमेरिकामा नै बस्दै आएका छन् । बेहुली जीव चिकित्सा अभियन्ता हुन् ।

## पुराना फिल्मले दर्शक तानेन

प्रत्येक हप्ता कुन फिल्म प्रदर्शन गर्ने भन्ने अन्योलमा पर्ने गरेका हल सञ्चालकहरु यस वर्षको मंसिरमा भने प्रदर्शनमा आइसकेका फिल्महरु चलाउन बाध्य भएका छन् । मंसिर १ गते प्रदर्शनमा आएको सौगात मल्ल र बेनिशा हमाल स्टारर फिल्म 'झ्यानाकुटी'बाहेक अन्य फिल्म निर्वाचनको चपेटामा पर्ने डरले हलसम्म आएनन् । 'झ्यानाकुटी'ले दर्शक रिझाउन सकेको भए मंसिर महिना नेपाली फिल्मका लागि केही फलदायी पक्कै हुने थियो तर यो पनि हुन सकेन । अहिले देशभरका सिनेमा घरहरु सुनसान देखिएका छन् । प्रेमगीत २, ए मेरो हजुर २, म यस्तो गीत गाउँछु, किंग, फाटेको जुत्ता, छक्का पञ्जा २, जात्रा, दुई रुपैयाँ, मेलालगायतका फिल्महरु पुन प्रसारण भएका छन् ।

## "लालपुर्जा" को गीत सार्वजनिक

'लालपुर्जा'को पहिलो गीत सार्वजनिक भएको छ । 'मितेरी' बोलको गीतमा सौगात मल्ल, विपिन कार्की, मेनुका प्रधान, मिरुना मगर लगायतका कलाकारहरु प्रस्तुत छन् । जसोन कुँवरको शब्द तथा संगीत रहेको गीतमा अन्जान बाबु सुवेदी, सुम्निमा सिंह, संगीता चौलागाई, पुष्प पलान्चोके र संगीतकार स्वयंकै स्वर छ । लालपुर्जामा हरिहर शर्मा, कामेश्वर चौरासिया, कमलमणी नेपाल, अनिल पाण्डे लगायतका कलाकारहरु पनि अभिनय छ । पटकथा भने सुजित बिडारीले तयार पारेका हुन् । नरेन्द्र मैनाली फिल्मका छायाँकार हुन् । फिल्मलाई माघ ४ गतेबाट देशैभर प्रदर्शन गर्ने फिल्म निर्माण टीमले औपचारिक घोषणा गरेको छ ।

## सिमरनलाई मिस पिस उपाधि

सिमरन तिवारीले मिस पिस चितवन(२०१७ को उपाधि जितेकी छन् । भरतपुर महानगरपालिका घर भएकी तिवारीले आइतबार राति झण्डै ११ बजे मिस पिस चितवन २०१७ को ताज पहिरेकी हुन् । नवलपरासी गैंडाकोटको नारायणी रिसोर्टमा सम्पन्न प्रतियोगितामा उनले १२ जना प्रतिष्पर्धीलाई पछि पारिन् । मिस नर्स चितवन २०१४ की विजेता ममता पाण्डेले तिवारीको शिरमा ताज पहिराइदिइन् । ताजसँगै उनले मिस ट्यालेन्ट र मिस मल्टिमिडिया अवार्ड पनि जितिन् । यी अवार्डसँगै उनले नगद २५ हजार रुपैयाँ पनि हात पारिन् ।

## युरोपभरका कलाकारहरू बार्सिलोनामा

झण्डै दुई दशक अघि नृत्य निर्देशकको रुपमा नेपाली कला क्षेत्रमा प्रबेश गरेका सन्तकुमार थापा मगर निकै उत्साहित छन्। देश बिदेशका कार्यक्रमहरुमा आफ्नो कला देखाएर दर्शकको मन जितिसकेका कलाकार मगर आफ्नो जोडी सहित बार्सिलोना उत्रदै छन्। मल्लिका प्रधानसँगको जोडी उनको बास्तबिक जीवनमा मात्र हैन कला क्षेत्रमा पनि जोडी कै रुपमा परिचित छ ।

अन्तराष्ट्रिय नेपाली कलाकार समाज (ईनास) डेनमार्कका अध्यक्ष समेत रहेका मगर आफ्नो जोडी सहितको नृत्य प्रस्तुतिलाई लिएर उत्साहित भएका हुन् । बिश्वभर नै आफ्नो संजाल फैलाई सकेको ईनास युरोप क्षेत्रमा झनै बढी सक्रिय देखिन्छ । युरोप स्तरीय नृत्य तथा गायन प्रतियोगिताहरु गर्दै ईनासले युरोपमा प्रतिभाहरुको खोजि समेत गर्दै आएको छ । हाल ईनास नेदरल्याण्डसकी अध्यक्ष समेत रहेकी सरिता हुमागई त्यस्तै प्रतियोगिताबाट नै उदाएकी हुन्। सन् २०१२ मा सम्पन्न ईनास युरोपस्तरीय नृत्य प्रतियोगिताकि बिजेता हुमागईको प्रस्तुतिलाई पनि स्पेनबासी नेपालीहरुले देख्ने भएका छन्। यस्तै सन् २०१६ र सन् २०१७ का ईनास सिङगिङ्स्टाहरु सोबु केसी र शैलेस नेपालीको आवाजले पनि बार्सिलोना गुञ्जदै छ । डेनमार्क निवासी गायक राजमान तामाङ् युरोपमा निकै चर्चित छन् ।

गायक तामाङ्ले आफ्नो डेब्यु एल्बम 'उत्सव'बाट ,'पूर्वमा धरान राम्र', ' ताल पानीमा', 'हल्का हल्का नजर' लगायतका गीतहरु सुनाउन उत्साहित छन् । जर्मनी, डेनमार्क, नेदरल्याण्ड, स्विट्जरल्याण्ड, नर्वे जस्ता युरोपेली मुलुकहरु पुगेर बिभिन्न कार्यक्रममा आफ्नो सांगीतिक प्रस्तुती राखीसकेका तामाङ् यस अघि पनि कार्यक्रमका बार्सिलोना आएका थिए। आगामी डिसेम्बर ९ तारिख शनिबार हुने कार्यक्रममा डेनमार्कका कलाकारहरु कोपिला शाक्य, आचल सापकोटा, ईनास स्पेनको ब्याण्ड, लगायत स्थानीय कलाकारहरुको पनि प्रस्तुति दिदै छन् ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Gadfly= अर्काको चित्त दुखाउने मानिस He is a gadfly and irritates everyone (उ एउटा टोक्ने झिंगा जस्तो छ जस्को पनि चित्त दुखाउछ )

Hackneyed= उस्तै लाग्दो वस्तु Mostly the Indian movies are made of hackneyed plots (भारतिय सिनेमाहरू उस्तैलाग्दो एकै किसिमका घटनाक्रमबाट वनेका हुन्छन)

Ignoble= मर्यादामा आघात पार्ने A national level person should not do such an ignoble deed (एक राष्ट्रियस्तरको ब्यक्तिले आफ्नो मर्यादामा आघात पार्ने यस्तो काम गर्नु हुदैन )

Jaded=अमन भएको वा रूचि नहुने स्थिति For jaded appetite, one has to try for exotic foods (रूचि नभएको वेला सधै खाने भन्दा अर्के किसिमको मिठो खाना खाएमा भोक जाग्न सक्तछ)

Kindle= उत्प्रेरणा दिनु His poetry always kindles a spark of hope towards life उस्को कविताहरूले जिन्दगी प्रति आशावादी वनाउन उत्प्रेरणा दिलाउछ ।

Lachrymose= रुवाइदिने वा वेदनायुक्त स्वर Her voice has a lachrymose quality and suits more at a funeral ceremony (उन्को स्वर वेदनायुक्त छ र समवेदना ब्यक्त गर्ने समारोहको लागि उपयुक्त हुन्छ )

Magniloquent= धमण्डि, मै हुं भन्ने किसिम को He is always criticised for his magniloquent speeches ( घमण्डि भाषणको लागि उ सर्वदा आलोचित छ)

Nascent= जन्मदाको, शैशव It is easy to suppress a movement at its nascent stage (कुनै पनि अन्दोलनलाई शैशवकाल वा अवस्थामानै दमन गर्न सजिलो हुन्छ )

Obdurate= अर्काको कुरा नसुन्ने, अडान लिने Being a corrupt politician, he is not obdurate in his principle (एक भ्रष्ट राजनीतिज्ञ भएको कारण उनीमा सैध्दान्तिक अडान छैन )

Paean= भक्तिपूर्ण उल्लासमय संगित Paeans celebrating the victory filled the air (विजयउल्लास मनाउने संगितले वातावरण गुञ्जायमान वनायो)

## सामान्य ज्ञान

विद्युतीय धारा नाप्ने इकाई कुन हो ?
- एम्पियर

कुन देशको संविधानमा त्यहाँका नेताको नाम पनि उल्लेख छ ?
- चीन

१९८७ मा इन्दिरा गान्धी पुरस्कारबाट पुरस्कृत हुने को हुन् ?
- मिखाइल गोर्वाचोभ

ओल्ड ग्रान्ड मेन अफ इन्डिया कसलाई भनिन्छ ?
- दादा नौरोजी

माटाको भाँडोलाई के भनिन्छ ?
- सेरामिक

हानिकारक कीराहरू नष्ट पार्ने (मार्ने) कमिलाको नाम के हो ?
- फार्मिका रूफा

चीनमा सन् १९८७ मा १४ वर्षमुनिका केटाकेटीको संख्या कति थियो ?
- ३०७१५००००

अमेरिकी इतिहासमा सबभन्दा बढी मात्रामा पक्राउ गरेको कोकिन कति टन थियो ?
- करिब चार (४) टन

जापानको सबभन्दा बढी लागतमा बनाइएको चलचित्र कुन हो ?
- डुनहुआङ

एक सय सोह्र पटक रक्तदान गर्ने व्यक्ति को हुन् र कुन देशका हुन् ?
- हसन खाँ, पाकिस्तान

नेपालबाट जर्मन पठाइएको गैंडाको बच्चा (पोथी) को नाम के थियो ?
- पुन्टी (उमेर ६ महिना)

म्यानमारको मुद्रालाई के भनिन्छ ?
- क्याट

कुन देशले मस्तिष्कको तापक्रम नियन्त्रण गर्ने यन्त्रको विकास गरेको छ ?
- चीन

आफू अन्धो भएर पनि विश्व प्रसिद्ध महाकाव्य 'प्याराडाइज लस्ट' को रचना गर्ने महाकवि को हुन् ?
- मिल्टन

## फरक थाहा पाई राख्नुहोस्

Immured = वन्दी हुनु, थुन्नु । छोपिनु To work undisturbed, he immured himself in a small room शान्तसंग काम गर्नको लागि भनेर उस्ले आफूलाई सानो कोठामा कैद गर्‍यो ।

Inured = वानी पार्नु Living for years in Europe he is inured to cold climate यूरोपमा धेरैवर्ष वसेको हुंदा उस्लाई जाडो खप्ने वानी परिसकेको छ ।

Impel = वाध्य भएर Impelled by feeling of guilts, he apolosised गल्ती गरेकोमा वाध्य भएर उस्ले माफ माग्यो ।

Compel = जोड दिनु We can not compel you to do that what you do not desire तिमीले चहादैनौ भने हामी तिमीलाई त्यो गर भनेर जोड दिन सक्तैनौ ।

Induced = परिणाम स्वरुप आएको The industry did not flourish because of policy induced hindrances नीतिगत ब्यवधानहरूको परिणाम स्वरुप उद्योग फस्टाएन ।

Impetuous = वढी होश नपुर्‍याइ हतारमा काम गर्ने It would be impetuous to resign over such a small matter यति सानो कुरालाई आधार वनाएर हतारमा राजिनामा दिन हुन्न ।

Impetus = उत्साहीत The trade treaty between the two countries has given impetus to develop further relationship दुई देश वीचको ब्यपार संझौताले संवन्धलाई अझ गाढा वनाउन उत्साहित गरेको छ।

Infer = सार खिच्नु He has not inferred well the statement because many important points have been omitted ( वक्तब्यको सार उस्ले राम्ररी खिचेको छैन किनकी महत्वपूर्ण वुंदाहरू छुट्न गएका छन् )

Insinuate = घुमाउरो पाराले अर्थ लगाउनु He does not like to say explicitly rather he insinuates (उ सोझै भन्न चहादैन वरु घुमाएर भन्छ)


## सुडोकु-अंक ८०


| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ६ | १ | | ३ | ९ | | |
| | ५ | | | | | | ६ | |
| ४ | | | ८ | | ९ | | | ७ |
| | | ७ | ३ | १ | ८ | २ | | |
| | | | | २ | | | | |
| | | १ | ४ | ९ | ७ | ६ | | |
| ३ | | | ९ | | ६ | | | ५ |
| | २ | | | | | | ८ | |
| | | ४ | ५ | | २ | १ | | |

## अंक ७९ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | १ | २ | ८ | ३ | ६ | ९ | ४ | ५ |
| ३ | ४ | ८ | ५ | १ | ९ | २ | ७ | ६ |
| ६ | ९ | ५ | ४ | २ | ७ | ३ | ८ | १ |
| ९ | ३ | ६ | ७ | ४ | २ | ५ | १ | ८ |
| १ | ८ | ४ | ३ | ६ | ५ | ७ | २ | ९ |
| २ | ५ | ७ | ९ | ८ | १ | ४ | ६ | ३ |
| ८ | २ | ३ | ६ | ५ | ४ | १ | ९ | ७ |
| ५ | ७ | १ | २ | ९ | ८ | ६ | ३ | ४ |
| ४ | ६ | ९ | १ | ७ | ३ | ८ | ५ | २ |

# सामुदायिक कार्यक्रममा बालविकास


बाख्रा सहयोग प्राप्त गर्दै अभिभावक


बाख्रा सहयोग प्राप्त गर्दै अभिभावक


सहयोग हस्तान्तरण गर्दै सामाजिक कार्यकर्ता


स्वास्थ्य अभिमुखीकरणका सहभागीहरू


अभिमुखीकरणमा सहजीकरण गर्दै स्वास्थ्य इर्न्चाज


सहयोग पाएपछि खुशी देखिए अभिभावक


सहयोग हस्तान्तरण गर्दै सामाजिक कार्यकर्ता


समुदाय परिचयात्मक कार्यक्रमका सहभागी

## भक्तपुरमा समुदाय परिचयात्मक कार्यक्रम

बाल विकास समाजले भक्तपुरको नगरकोटमा समुदाय परिचयात्मक कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा विभिन्न निकायका सरकारी तथा गैरकारी पक्षहरुको सहभागिता रहेको थियो । कार्यक्रममा संस्थाका कार्यक्रम व्यवस्थापक प्रयासा केसीले श्रमिक, सुविधाविहिन, तथा जोखिममा परेका बालबालिकाहरुका लागि कार्यक्रम सञ्चालन गरिने कुरा बताउनु भएको थियो ।

त्यसैगरी ईँटाभट्टा प्रभावित बालबालिका तथा अभिभावकलाई समेत लक्षित गरी कार्यक्रम सञ्चालन गरिने कुरा पनि उहाँले उल्लेख गर्नु भएको थियो । सन २०१८ सम्म सञ्चालन हुने परियोजना अन्तर्गत बालबालिकाको हातमा ईँटा होइन कलम दिऔं भन्ने अभियान बाल विकास समाजले सञ्चालन गर्ने कुरा समेत सोही छलफलमा बताइएको थियो । यस परियोजना अर्न्तगत छात्रवृत्ति कार्यक्रम, सञ्चालन गरिने बालक्लव गठन तथा अभिमुखीकरण कार्यक्रम, तालिम सञ्चालन अभिभावक भेला तथा बैठक जस्ता क्रियाकलापहरु सञ्चालन गरिने कुरा कार्यक्रममा बताइएको थियो । बालबालिकाहरुको सहभागितामूलक गतिविधि तथा बालश्रम विरुद्धको विश्व दिवस, सडक नाटक, भित्ते पत्रिका लेखन जस्ता क्रियाकलापहरु पनि सञ्चालन गरिने कुरा बाल विकास समाजले बताएको थियो । भक्तपुर जिल्लामा ६५ वटा ईँटाभट्टा मध्ये नगरकोट नगरपालिका अन्तर्गत ७ वटा ईँटाभट्टामा बालबालिकालाई लक्षित गरी कार्यक्रम सञ्चालन गरिने कुरा संस्थाका सिनियर सुपरभाइजर भरत थापाले जानकारी गराउनु भएको थियो ।

त्यसैगरी भक्तपुर जिल्लालाई सन २०१७ भित्र बालश्रम मुक्त जिल्ला बनाउने अभियान सुरु गरिए तापनि कार्यान्वयनमा चुनौती थपिएको कुरा कार्यक्रममा उपस्थित सहभागीहरुले बताएका थिए। यसैक्रममा चाँगुनारायण नगरपालिकाका प्रमुख सोम मिश्रले बालश्रम मुक्त गर्ने लक्ष्य पूरा गर्न भक्तपुर जिल्लाका सबै सरोकारवाला निकायले जिम्मेवार भएर काम गर्न सके चुनौतीलाई अवसरका रुपमा बदली लक्ष्य सफल हुन सक्ने कुरा बताउनु भएको थियो ।

## आमाहरूलाई स्वास्थ्य शिक्षा सम्बन्धी अभिमुखीकरण

बाल विकास समाजले स्वास्थ्य कार्यक्रम अन्तर्गत यस बुढानीलकण्ठ नगरपालिका क्षेत्र आसपास तथा अन्य क्षेत्रमा बसोबास गर्ने ज्यालामजदुरी गरी जिविकोपार्जन गर्ने आमा उनीहरुका बालबच्चाहरुका लागि विभिन्न सेवाहरु दिइ रहेको छ । संस्थाले हप्ताको एक दिन विशेषज्ञ डाक्टरमार्फत निशुल्क स्वास्थ्य परीक्षण गरी औषधी समेत उपलब्ध गराइरहेको छ। यसैगरी संस्थाले दिवा शिशु स्याहार केन्द्रमा रहेका बालबालिकाहरुका आमाहरुलाई परिवार नियोजन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सन्चालन गरेको हो । यस कार्यक्रममा महिला तथा पुरुषहरुले प्रयोग गर्ने अस्थायी साधनका बारेमा छलफल गराइएको थियो । त्यसैगरी उक्त साधनको सही प्रयोगका बारेमा छलफल गराइएको थियो। साथै यसका फाइदा तथा वेफाइदाका बारेमा समेत छलफल गराइएको थियो। ज्यालामजदुरी गरी जिविकोपार्जन गर्ने आमाहरुले जन्मान्तरको बारेमा थाहा नपाइ छिटोछिटो बच्चा जन्माउने प्रवृत्ति देखिएपछि यो कार्यक्रमको आयोजना गरिएको हो । कार्यक्रममा २० जना आमाहरुको सहभागिता रहेको थियो । यस कार्यक्रमको सहजीकरण स्वास्थ्य इन्चार्ज राधिका श्रेष्ठले गर्नु भएको थियो । छलफलमा अस्थायी साधनको प्रयोगका बारेमा सहभागहिरुले जिज्ञासा राखेका थिए । विभिन्न पोस्टर तथा पावरपन्टबाट छलफल चलाइएको थियो । यसबाट आगामी दिनहरुमा आमाहरुले अस्थायी साधनको प्रयोग गरी जन्मान्तरका बारेमा थप ज्ञान हासिल गरी सोही अनुसार बच्चा जन्माउने कुरामा दुईमत नहोला । यस सस्थाले यसका बारेमा हामीलाई थप जानकारी हासिल गर्ने मौका दिएकोमा संस्थाप्रति सहभागीहरुले आभार प्रकट गरेका थिए । संस्थाले समयसमयमा यस्ता कार्यक्रमहरु सञ्चालन गरी मजदुर अभिभावकहरुको चेतनामा थप ऊर्जा थपिदिने काम पनि गरिरहेको छ। संस्थाले उनीहरुका बालबालिकाहरुलाई संरक्षण मात्र गरेको छैन बालबालिका लगायत अभिभावकहरुलाई समेत स्वास्थ्य सेवामार्फत विभिन्न रोगहरुको परीक्षण गर्ने सम्भव भए निशुल्क उपचार तथा सम्भव नभए हस्पीटलमा रिफर गर्ने कार्य गरिरहेको छ। यसबाट बाल विकास समाजले हामीलाई बालअधिकार, बालदुर्व्यवहार, पोषण, सरसफाई लगायतका विषयमा चेतनसिल बनाएको कुरा बताएका थिए ।

## न्यून आय भएका परिवारलाई जिविकोपार्जन सहयोग

बाल विकास समाजले जोखिममा रहेका बालबालिकाहरुका लागि संरक्षण परियोजना अन्तर्गत भक्तपुर जिल्लामा विभिन्न क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेको छ। जोखिममा रहेका बालबालिकाहरुलाई शिक्षा तथा स्वास्थ्यको प हुँचमा ल्याउनका लागि यो परियोजना लक्षित रहेको छ । यसबाट श्रम क्षेत्रमा लागेका, विभिन्न किसिमबाट दुर्व्यवहारमा परेका वा पर्न सक्ने तथा अन्य जोखिमपूर्ण व्यवहारबाट प्रताडित भएका बालबालिकाहरुका लागि संस्थाले विभिन्न क्रियाकलापहरु गरिरहेको छ ।


कार्यक्रममा कुरा राख्दै चाँगुनाराणका नगर प्रमुख सोम मिश्र

यसैगरी संस्थाले भक्तपुरमा न्यून आय भएका १६ घरपरिवारलाई जिविकोपार्जन सहयोग गरेको हो । उक्त सहयोगमा एक परिवारलाई रु २०००० बराबरको सहयोग उपलब्ध गराएको थियो। यसबाट सहयोग पाउने परिवारले सानोतिनो व्यपार गरी आफ्ना बालबच्चालाई विद्यालय पठाउन सक्ने र उनीहरुको आयमा पनि थप टेवा पुग्ने देखिन्छ । परिवारमा आर्थिक अवस्था कमजोर भएर बालबालिकाहरु श्रममा लाग्ने र उनीहरुलाई आर्थिक प्रलोभनमा पारी विभिन्न किसिमका जोखिमपूर्ण काममा लगाउने हुनाले परिवारलाई सहयोग भएको अवस्थामा बालबालिकाहरुको अवस्थामा सुधार आउने र जोखिममा पर्ने कुराको न्यूनिकरण हुने देखिन्छ । त्यसैकारण बाल विकास समाजले बालश्रम अन्त्य गर्दै जोखिममा रहेका बालबालिकाहरुको संरक्षण सहित विद्यालय पठाउनका लागि यो पहल गरिराखेको छ । संस्थाले हामीलाई जिविकोपार्जन सहयोग गरेर आय आर्जनमा थप टेवा दिने कुराले खुशी लागेको र अव हाम्रा बालबच्चालाई विद्यालयमा पठाउने छौ भन्ने प्रतिवद्धता अभिभावकहरुले व्यक्त गरेका थिए ।

**प्रस्तुति : गोविन्द वि क**

## उत्साहपूर्ण...

हेर्दा लोकतन्त्रको सदावहार ठेकेदार मानिँदै आएको नेपाली कांग्रेसको स्थिति दयनीय हुने संकेत देखापरेका छन् । मेचीदेखि महाकालीसम्म भएका पहिलो चरणका हिमाली जिल्लाहरुको गणनाबाट अब सत्ताको स्वादबाट कांग्रेसीजनहरु विमुख हुने दिन आइसकेको झलक स्पष्ट देखिन्छ । कांग्रेसको पराजयका पछाडि थुप्रै कारणहरु विद्यमान रहेका छन् । सबैभन्दा मूल कारण त यसको फितलो नेतृत्व नै हो । शेरबहादुर देउवा न त नीति कार्यक्रमको व्याख्या नै गर्न सक्छन् न त उनको राष्ट्रियताप्रति स्पष्ट अडान नै छ । पैसाको खोलो बगाएर उनले व्यक्तिगत रुपमा विगतदेखि चुनाव जित्दै आए तापनि पटक पटक सत्तामा बस्दा उनले मुलुकलाई कुनै ठोस योगदान दिन सकेका छैनन् । उनका पहिलाका क्रियाकलाप त असाध्य आलोच्य थिए भने पछिल्लो कार्यकालमा भारत भ्रमणमा प्रस्तुत गरेको लम्पसारवाद, बीबीसी साझा सवालमा देखिएको उनको लज्जास्पद प्रस्तुति, राष्ट्रिय ढिकुटीबाट आचारसंहिता विपरीत आफ्ना हनुमानहरुलाई वितरण गरेको ३ करोडको घर, मुलुकी ऐनले तोकेको जन्तीको संख्याभन्दा ठूलो मन्त्रीमण्डल लगायतका कुराहरु जनताले नजिकबाट नियालिरहेका थिए । त्यसैगरी कांग्रेसले २०१५ सालदेखि नै जनताको अमूल्य मतको दुरुपयोग गरिरहेको छ । त्यस बेलाको दुईतिहाईदेखि लिएर ०४८ को निर्वाचनको बहुमत समेतलाई कांग्रेसले तुच्छ ठान्यो । पटक पटक सत्तामा बसेर राइँदाइँ चलाउँदा नेताहरु र स्वयं देउवा समेत करोडौंका मालिक बने । मुलुक विश्वकै भ्रष्ट अनि कंगाल । त्यसैले जनता परिवर्तन खोजिरहेका थिए । मुलुकमा अर्को भरपर्दो विकल्प तयार भइनसकेका कारण थुप्रै कुराहरु थाँती राखेर पनि यस पटक वाम गठबन्धन रोजेको स्पष्ट छ । वाम गठबन्धनमा पनि दूधले धोएका नेता त छैनन् यद्यपि नाकाबन्दीको समयमा केपी ओलीले देखाएको राष्ट्रियताप्रतिको अडान र कांग्रेसी राजबाट विरक्तिएका जनताले विकल्पको रुपमा वाम गठबन्धन रोजेका छन् । निर्वाचनमा थुप्रै कांग्रेसका हस्ती र विगतदेखि एकछत्र राज गर्दै आएका व्यक्तिहरु पराजित हुने निश्चित संकेतहरु देखिएका छन् ।

## बढ्दो...

चट्याङ बाढीपहिरो जस्ता समस्याहरुले दिनानुदिन मानव लगायतका जीवजन्तुलाई जोखिमपूर्ण अवस्थाको सिर्जना भएको छ । विभिन्न खाले नयाँ रोगव्याधि जस्ता कुराहरु पनि पर्यावरणसँगै जोडिएका छन् ।

पर्यावरणीय असन्तुलनको असर हाम्रोजस्तो गरिब राष्ट्रले समेत टड्कारो रुपमा झेल्नु परिरहेको छ । बढ्दो तापक्रमका कारण हाम्रा हिमालहरु काला पहाडमा परिणत हुँदै गइरहेका छन् । अत्यधिक हिमपात भए पनि लामो समयसम्म हिमालमा हिउँ अडिँदैन । हिमालमा हिउँ नभएपछि पहाडी भेगमा पानीको स्रोतहरु नासिन थालेका छन् । हामीले देख्दादेख्दै थुप्रै धारा, कुवाहरु सुकिसकेका छन् । त्यसैगरी बालीनाली फलफूल फल्ने पाक्ने क्रममा पनि गम्भीर असर पुगिरहेको छ । सधैं आँप, कटहर जस्ता फलफूल फल्ने ठाउँमा फल्न छोडे भने माथिल्लो भागमा यसता फल फल्न थालेका छन् । परम्परागत रुपमा बालीनाली लगाउने समय र पशुहरु गर्भाधान हुने समयमा पनि असर परेको छ । बेमौसमी वर्षा, लामो खडेरी जस्ता कुराले बालीनाली प्रभावित भएका छन् । असिना पर्ने क्रम बढिरहेको छ । पानीको अभावमा विभिन्न ठाउँका पहाडी बस्तीहरु खाली भइसकेका छन् । पर्यावरणीय सन्तुलन खलबलिएका कारण उत्पन्न असरबारे हाम्रो देशमा ठोस अध्ययन अनुसन्धान भएको पाइँदैन । एकजना पश्चिमा विद्वानले अबको ८० वर्षपछि सगरमाथामा समेत हिउँ नरहने वैज्ञानिक भविष्यवाणी गरिसकेका छन् । विश्वव्यापी रुपमा देखिएको वातावरण विनाशको असरप्रति हामी सबै चिन्तित र जिम्मेवार बन्न आवश्यक छ ।

पर्यावरणकै कुरा गर्दा युनिसेफले हालै गरेको अध्ययनअनुसार विश्वका १ करोड ७० लाख बालाबलिकाहरु वायु प्रदूषणका कारण बालबालिकाको मस्तिष्कमा गम्भीर असर पुगिरहेको छ र यस्तो असर पछिसम्म रहनेछ । सुस्त मनस्थिति लगायत विभिन्न जटिल समस्याहरु वायुप्रदूषणका कारण पनि देखिने गरेका छन् ।

हामीले फेर्ने श्वास र पिउने पानी अनि बस्ने र घुम्ने ठाउँ स्वच्छ, सफा हुन आवश्यक छ । तर विडम्बना हामी नेपाली पनि धूलो धूवाँको चपेटामा फसिरहेका छौं । वनजगलको विनाश, जथाभावी विनायोजना सडकहरुको निर्माण, बिनाअध्ययन सिमेन्ट लगायतका उद्योगहरु मानव बस्ती आसपास खोलिनु इँटाभट्टाहरु निकालिनु, खोलानाला र पानीका स्रोत प्रदूषित पारिनु जस्ता कुराले आन्तरिक रुपमा वातावरण बिगार्ने र प्रदूषण फैलाउने काम भइरहेको छ भने बाह्य रुपमा औद्योगिक राष्ट्रले उत्पादन गर्ने आणविक ऊर्जा, उद्योगधन्दाले फैलाउने प्रदूषणले निम्त्याएको ग्लोबल वार्मिङको चपेटामा समेत हामी परिरहेका छौं । त्यसैले हामीले आन्तरिक रुपममा स्वच्छ पर्यावरणका लागि हरियाली प्रबर्द्धन, पर्यावरणमैत्री विकास, जलस्रोत र नदीनालाहरुको शुद्धतामा जोड दिन आवश्यक छ । त्यसैगरी पहाडी क्षेत्रमा जलभण्डारहरुको संरक्षण, नांगा डाँडापाखामा हरियाली प्रबर्द्धन गरिनुपर्छ । चुरे क्षेत्रको संरक्षण गरी तराईलाई मरुभूमिकरण हुनबाट बचाउनुपर्छ । बाह्य रुपमा हामीले ग्लोबल वार्मिङको विरुद्धमा विश्व मञ्चहरुमा जोडदार आवाज उठाउन आवश्यक छ । वातावरण बचाउन सबै लागौं । पृथ्वी मानवको मात्र नभएर सबैको साझा घर भएकाले यसलाई चरम मानवीय अतिक्रमणबाट बचाऔं ।

## सामाजिक...

सरकारले गरेका जथाभावी हस्तक्षेप, राजनीतिक आस्था र नातावाद, कृपावादको आधारमा असक्षम व्यक्तिलाई संस्थानको कार्यकारी नेतृत्व दिने प्रचलन, कर्मचारी भर्नाका भनसुन र हस्तक्षेप, चाहिनेभन्दा बढी कर्मचारी भर्ना जस्ता कुराले संस्थानहरुले घुँडा टेक्न थाले ।

यसैबीच मूल्य नियन्त्रण र उपभोक्ताको हित संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड र नेपाल खाद्य संस्थान धराशायी हुने अवस्थामा पुगेका छन् । हामीलाई प्राप्त जानकारीअनुसार सरकारले उपभोक्तालाई राहत दिने, चाडवाडमा सहुलियत दरका पसल सञ्चालन गर्न साल्ट ट्रेडिङ र खाद्य संस्थानलाई निर्देशन दिए पनि सो बापतको सोधभर्ना रकम सरकारले निकासा नगरिदिँदा यी संस्थानहरु धराशायी हुने अवस्थामा पुगेका छन् । आर्थिक वर्ष २०७१।०७२ मा मन्त्रिपरिषद्को निर्णयबाट महँगो मूल्यमा १० हजार टन चिनी खरिद गरेर सस्तोमा बेच्दा साल्ट ट्रेडिङ कर्पोरेसनलाई घाटा भएको ४ करोड ८५ लाख ५० हजार रकम निकासा भएको छैन । यसैगरी विभिन्न समयमा बजार मूल्य नियन्त्रणका लागि चिनी खरिद गरेको (पाँच वर्ष अवधिको) १६ करोड ६२ लाख रुपैयाँ पनि निकासा हुन सकेको छैन । यसैगरी खाद्य संस्थानले बफर स्टकमा राखेबापत र सुपथ मूल्य सञ्चालन गरेबापत ९ करोड ४३ लाख रुपैयाँ सरकारबाट निकास पाउनुपर्नेमा त्यो प्राप्त भएको छैन । सरकारले समयमा पैसा निकास नदिँदा ब्याज तिर्नुपर्ने बाध्यता संस्थानले झेल्नु परिरहेको छ ।

## आयोग...

गर्ने र कारवाही गर्ने वातावरण सिर्जना गर्ने अधिकारप्राप्त आयोग आफैंले उचित भूमिका निर्वाह नगर्दा बेला-बेलामा विवादमा पर्ने गरेको छ ।

२०७४ साल भदौ १४ गते बिहान बसेको मन्त्रिपरिषद बैठकले १२ जना सचिवको सरुवा गर्‍यो । त्यसै दिन आयोगले विज्ञप्ति निकालेर आचारसंहिता जारी भएको घोषणा गर्‍यो । सरकारले आयोगका सचिव महेश्वर न्यौपानेलाई संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयमा सरुवा गरेर शंकर अधिकारीलाई निर्वाचन आयोगमा सरुवा गरेको थियो ।

आयोगले आचार संहिता लागू भइसकको भन्दै सचिव सरुवा बदर गर्न सरकारलाई निर्देशन दिएको थियो । तर, सरकारले आयोगको निर्देशन अस्वीकार गर्‍यो । निर्वाचन आयोगले सचिव शंकर अधिकारीलाई अस्वीकार गर्‍यो । अर्को दिन सरकारले आयोगको सचिवमा बेगेन्द्रराज शर्मा पौडेललाई सरुवा गर्‍यो । आयोगमाथि सरुवा रोक्न आकस्मिक रुपमा आचारसंहिता जारी गरेको आरोप लाग्यो । र, एउटा सचिवलाई अस्वीकार गरी अर्को ल्याउँदा निष्ठामाथि प्रश्न उठ्यो ।

स्थानीय तहको दोस्रो चरणको निर्वाचनको क्रममा आयोगका सचिव गोपीनाथ मैनालीलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सरुवा गरियो । आयोगभित्रको द्वन्द्वकै कारण यस्तो स्थिति पैदा भयो । अरु कर्मचारीको सरुवा गर्दा आयोगको अनुमति लिनुपर्ने तर आयोगले आफ्नै सचिवको सरुवा गर्ने वातावरण आफैं मिलाउने भन्दै निर्वाचन आयोगको आलोचना भएको थियो । घटनाक्रमहरुले निर्वाचन आयोगको भूमिकामा एकरुपता नभएको, शक्तिमा भएकासँग सम्झौता गर्ने गरेको र आफैंभित्र समेत व्यवस्थापन गर्न नसकी शंकास्पद भूमिका निर्वाह गरेको देखाउँछन् ।

पहिले प्रमुख निर्वाचन आयुक्त अयोधीप्रसाद यादवले मन्त्रिपरिषद् विस्तार आचारसंहिता विपरित भएको भन्दै आएका थिए । तर, असोज २७ गते नेकपा माओवादी केन्द्रका मन्त्रीहरुलाई विना विभागीय बनाउने गरी राप्रपालाई सरकारमा लगियो, त्यसपछि उनको ‘टोनडाउन’ भयो । र, मन्त्रिपरिषद् विस्तारलाई आचारसंहिता उल्लंघनको सामान्य घटनाको रुपमा हेरिएको प्रतिक्रिया दिए । ‘के गर्नु प्रधानमन्त्रीलाई कारवाही गर्नु भएन’ यादवको भनाइ थियो । त्यसपछि प्रधानमन्त्रीले नै संक्रमणकालिन अवस्था भएकाले मन्त्रिमण्डल विस्तार गर्नु सरकारको बाध्यता भएको बताएपछि बढी विवाद गर्न चाहान्न भन्दै यादव पन्छिए । अहिले आयोगले सरकार विस्तारलाई निर्वाचन आचारसंहिता विपरितको घटनाको सूचीबाट हटाएको छ ।

## आरोप...

सार्न धेरै कसरत गरेको तर नसकेको आरोप लगाए । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले कसैको बहुमत आउँछ भनेर कोही चिन्तित हुन नपर्ने बताए ।

## गगनलाई...

दिनुभयो । उहाँका अनुसार थापाको टाउको र कम्मरमा चोट लागेको छ । थापाको अवस्था भने सामान्य रहेको उहाँले जानकारी दिनुभयो ।

नियात्रा — खोमदत्त बराल

# बेलायतको सेरोफेरो-५



कतै नरोकिई कम चार घण्टा दौडदा कति किलो मिटर पार गर्‍यो थाहा छैन । कुनै गाडी कुनै पशुपक्षि या कुनै कारणले बाधाविरोध एकै छिन पनि भएन । गाडी रफ्टारमा सलल बगेको छ । कति राम्रो बाटो । कतै खाल्डा खुल्डो र भत्केको नदेखिने । पानी जम्ने कुरै भएन । बरु हजारौ ओभर हेड पुलले हाम्रो बाटो काट्यो । लण्डनको शहर क्षेत्र पार गरे पछि गाडी सुन्दर वनलाई छिचोल्दै अघि बढ्यो । कति राम्रो र सुखमयी यात्रा । छि यो पक्ष नराम्रो भयो भन्ने ठाउँ नै नभेटिने । बाटो भरी कहि कतै रुख विरुवाको विमाख नभएको । चारै तिर वनले ढाकिएको । बन नभए ठाउँमा गहुँ पाकेको । कति ठाउँमा काटिसकेको । चल्का जमिन । सबै जमिन एक नासले बनाइएको । कोही ठाउँ अलि पहाडी भिरालो जस्तो । कट्टी कतै वाली लगाउने क्षेत्रमा घरहरु नबनाइएको घरहरु भएका पनि योजना गरेर बनाए जस्तो । एकै क्षेत्रमा घरहरु । वास्तवमा कसैले सुन्दर वस्तीको कल्पना गर्छ भने बेलायत देखि बेल्ससम्म जाँदाका बाटाका घरहरुलाई हेरे पुग्छ ।

कुनै कुनै ठाउँमा घोडालाई लुगाले ढाकेर चराउँदै गरेको देखियो । घोडा धेरै ठाउँमा चराउँदै गरेको । गाई वाच्छा पनि धेरै ठाउँमा नै चर्दै गरेको पाइयो । भैसी मेरो भने कही कतै देखिएन । बाखा भेडा भने त्यति धेरै नभए पनि ठाउँ ठाउँमा चर्दै गरेको देखिए । यहाँको गहुँ बाली कैले छर्छन । सोधनी भएको छैन । नेपालको रुकुम रोल्पा र हिउँले ढाक्ने ठाउँमा कार्तिक तिर गहुँ नै छर्छन । हिउँद भरी जमिनलाई हिउँले ढाक्छ । विउ पनि माटोमा नै ढाडिएर बस्छ । जब चै त्र वैसाखमा माटो ताते पनि बाली टुसाउन थाल्छ र साउन तिर मात्र पाक्छ । सायद यहाँ त्यसो होइन कि यहाँ पनि हिउँदमा त हिउँ राम्रै पर्छ क्यारे ।

वाटा भरी देखिएका घरहरु एदमले तीन चार तले भन्दा ठूला देखिएन । अलि भिरालो जमिनमा कही थेग्ला थेग्ला वाली लगाउने जमिन धेरै जसो वन जंगल, अनि माथि तिर सेता माटोले पोटेका घरहरुले चित्त नै हरन गरि लग्यो । आकर्षण मनमोहक छ । पानी पनि परेको छैन । अलि बढी घाम्म धुम्म भए पनि बेला बेलामा घाम लागेर अरु बढी आनन्दीत बनाएको छ । जे होस सिट भर मात्र मानिस बसेका छन् । कही कतै हल्ला खल्ला छैन । सारो वोल्न चलनलाई हाम्रा केटाकेटीले पनि लगाम लगाइ सकेको रहेछन् । अनुसासितजीवन सिकिसकेका । छिकट जाँच्ने पनि कोही नआउने । पैसा माग्न कोही आउँदैन । टिकट पनि मोवाइलमा नै राख्न मिल्ने । चढ्ने बेलामा देखाए पछि पुग्यो । भिक्टोरिया स्टेसन वास्तवमा नै निकै ठूलो बस स्टेसन रहेछ । नेपालको जस्तो छरिएर बस्न नपर्ने हवाइ जहाजको जस्तो आफ्नो बस सम्म पुग्ने छुट्टै गेट व्यवस्था रहेछ । गेट वसकै स्टाफले मात्र खोल्नु पाउने । अरुले खोल्न नहुने । बसको लोकल यात्रा भने पहिला नै लिएको पास टिकट बस कार्यालयले ताकेको निश्चित ठाउँमा त्ही टिकट छुवाए पुग्ने । विज्ञान र प्रविधिको चमत्कार नै भन्नु पर्छ । ढोका खोल्न कार्ड प्रयोग गर्नु पर्ने । बत्ती बाल्न पनि कार्ड प्रयोग गरी कार्ड प्रयोग गर्नु पर्ने । वडा चकत्करिक प्रविधि विकासको गतिमा नेपाल र नेपालीलाई कहाँ हो कहाँ पछाडी छोडेको छ । हामी दुई एक जना पर्देश गएर प्रविधि बुझेर के गर्ने र मेरो इलामको जितपुर गाउँमा कार्ड छिराएर कैले ढोका खोल्ने र कार्डबाट बत्ती बाल्ने सपना मात्र साच्न सकिन्छ ।

टेलिफोन सम्म जितपुर पुगेको छ । टेलिफोनबाट बाटो पत्ता लगाउने र घरैमा पुग्न सक्ने प्रविधि पनि कम चमत्कारिक र आश्चर्य चकित प्रविधि होइन । हामी बेल्स कार्डिक अलि बेलुकी पख आइ पुगियौ । किंगस यहाँ पनि रहे छ । यही वसवार्क रहेछ । तर बसले मानिस ओर्लन सम्म समय दिएर गाडी अन्तै कतै गयो । त्यहाँ कुनै पनि बस थिएनन् बस बस्दा रहेनछन् । आयो बस यात्रु झर्‍यो । अन्तै आफ्नो कम्पनीको पार्कतर्फ लाग्दा रहेछन् । असिमले आफ्नो मोवाइल खोल्यौ । :गकगचभ होटल खोज्यो । होटलमा फोन गरियो । तीन मिनेटको हिडाइको फरक बतायो । तर ट्याक्सी खोज्यौ ट्याक्सीमा चार जना चढ्यौ । ड्राइभर मजाकै रहेछ । सिधै ल्यायो । एक पौण्डबाट ट्याक्सी खुल्दो रहेछ । वीस सेन्ट्स बढ्यो रहेछ । पाँच पौण्ड र वीस सिलिग भएको थियो पाँच पौण्ड मात्र लिदो । विस सिलिगको एक थान धन्यावाद ड्राइभरलाई टक्र्याइयो । पठाइयो ।

मर्कर होटलमा आइपुगियो । काउण्टरमा कुरा गरियो , पहिला बेलायतबाट होटल बुकिङ्ग र पेमेन्ट भइसकेको थियो । ३३२ मा हामी बसियौं । केटाकेटी ३३३ मा बास बसे । कार्ड झिके पछि बत्ती जम्मै बन्द हुने व्यवस्था भएकाले कार्ड झिकिएन । वेडको बत्ती निभाइयो सुतियो । होटल मजाको राम्रो रहेछ । एउटै कुरा ओड्ने एउटा मात्र भएकोले सुताई राम्रो जमेन । असजिलो भयो । एक्लै, फैलेर सुत्न नपाउँदा पनि अप्ठेरो हुन थालेछ । आज भने उठेर प्राणयाम र मेठिटेसन गर्न भ्याइयो ।

यहाँ आइ पुगेर केहि क्षण आराम फर्माइ्यो । कान्छाले होटलमा नै कफि तयार गरेछ । कफी खाइयो । अलि अलि चीप्स काजु फलफुल बेलायतबाटै ल्याइएको थियो । सइच्छा भोजन भयो । आरामीले एउटा किनारा लिए पछि बाहिर निस्कन रहर लाग्यो । कता जाने होटल काउन्टरमा राय लिएर बाहिर निस्कियो । वास्तवमा व्यावसायीले ग्राहकलाई परमेश्वरको रुपमा पूजा गर्नु पर्छ । सेवा ग्राहीलाई सेवा प्रदायकले सक्दो सद्भाव व्यक्त गर्न सक्नु पर्छ । होटल कै रायमा हर्ट अफ दि सिटी गइयो । वास्तवमा सुग्घर सफाइमा उत्कृष्ठ रहेछ । स्वर्ग त जान पाइएको छैन । यहाँ त निकै सुन्दर सफा फराकिलो छ । आनन्दमा पनि सुन्दर सफाइको प्रतिविम्बित छाप पर्‍यो । कार्डिफ लाइब्रेरी सिन्टी सेन्टरमा नै रहेछ । त्यहाँ धेरै मालाबाट स्वागत, सुस्वागत लेखिएका शब्दावली पढ्न पाइन्छ । वंगालीमा पनि र अंग्रेजी हिन्दी लेखिएका स्वागत शब्दले हामीलाई नै स्वागत अभिवादन गरेको अनुभुति भयो ।

जोहन लिवीस् भवन पनि सिटी सेन्टरको भव्य भवन हो । सबै तर्फ व्यापारका काइदा किस्मतले सजाएका पसलहरु छन् । एउटा दूलै पसल महल भित्र पसियो । घुमियो सामन सेलमा छन सेलको भाउ विकी जाँचियो । एउटा कजिको सेलमा पनि पैतालिस पौण्ड मूल्य भनेको निकै ठूलो रकम लागयो । असिमेल फोटो खिच्दै थियो । सुरक्षा कर्मीले आएर रोक्यो । भवनको आर्किटेचर निश्चय पनि राम्रै थियो । कुनै ठाउँ उज्यालो छिर्ने पारदर्शी छाना बनाएको कुनै ठाउँमा कँकिट छाना । निश्चय पनि , राम्रो सुन्दर र बलियो पनि होला । तर फोटो खिच्न मनाही गरेको रहेछ ।

त्यही थ्रेडिङ्ग प्रोसेसबाट आइब्रो बनाउने च्याउसी केटीहरु रछन् । कान्छो र मुरे हिड्ने धुनमा एक छिन बसेर के खन्त्रयाक खुत्रुक गर्दै थिई । १५ पौण्ड लिई दिई हिसाब गर्दा त झण्डै दुइ हजारको खर्चले आँखी भौ बनाउने काम पनि नेपाली दिदी बहिनीहरुको लागि त खर्चालु नै भन्नु पर्छ । खर्चालु मात्र होइन । अति खर्चालु । लामै समय सम्म सिटी सेन्टरको रमाइलो हेरेर बसियो । वेभान नामक समाजसेवी एकै वेल्सवासीले स्वयम् सेवाको क्षेत्रमा महत्वपूर्ण काम गरेको रहेछ । उसको समनमा सालिग बनाएर एउटा किनारामा उभ्याई राखेको छ । सुट लगाइएको । तर सधै भरी काग पंखा र चुार चुरुङ्गिले उसको टाउकोमा बस्ने र आँची गरिदिने हुँदा कालो पेन्ट धर्कै धर्का भएको जस्तो बनाइ दिंदा रहेछन् ।

युरोपयन खाना । रोटी र वर्गर । भाते पाहाडी जीवनमा रम्ने नेपालीहरु अरु प्रकारका खानामा अस्स्त नभएका । कार्डिफमा नेपाली खानाको सम्भावना नै छैन । भारतीय र पाकिस्तानी खाना पनि केही मिल्दो जुल्दो हुने । त्यसैले मोवाइलबाट रेष्टुरेण्ट खोजी गरियो । फोन गरे । खोज्दै गइयो । एउटा पाकिस्तानी मौसइको रेष्टुरेण्ट फेला पर्‍यो । त्यही गइयो । लस्सी खाइयो । साधा भात चार प्लेट मागियो । तरकारी तीन प्रकारको दाल र चिकन माग भयो । धेरै मागिए छ । केटाकेटीले खाइ सकेनन् । धेरै मागेर खाने कुरा छोड्नु चाहि हुदैनथ्यो । परदेशको महंगो मूल्य खेर गयो ।

होटलबाट ट्याक्सी मगाएर दीक्षान्त समारोह हलमा आइएको छ । दीक्षान्तमा आएका विद्यार्थीहरु गाउन लगाएर सजिएर बसेका छन् । आ आफ्ना मानिसहरु तस्वीर खिचाइमा एक अर्कालाई सहयोग गर्दैछन् । एम वी ए बाहेकका अरु डिग्रीको पनि कन्भोकेशन आजै रहेछ । कान्छाका साथीहरु फोन गर्दैछन् । आउँदैछन् । एक अर्कालाई शुभकामना साटासाटको अवसर निकै रौनक बन्दैछ । आज साँची नै क्लास पछिको लामो मय भेटघाट नभएका विद्यार्थीहरुको भेट्ने अवसर पनि हो । केटाहरुले केटी साथी लिएर आएका छन् । छोरीहरुले पनि आफ्नो साथीहरु भेटघाटको कार्यक्रम चल्दैछ । हालैमा एउटा साथी आइ पुग्यो । असिमलाई फोटो खिच्न छोरीबाट अहाहट भयो । एउटा साना गाँठीकी मंगोलियन केटी संग फोटो खिचे । यहाँ पनि धेरै मानिस विद्यार्थीहरु भेला भएका छिन् । प्रतिक्षालय सानो छ । कोही उठ्ला र पिंध छेकाउला भन्ने अवसरमा धेरै मानिस खडा छन् । कोही मानिसहरु भने लामै समय सम्म सोफामा टाँसिएका छन् । सुपरग्लोले आफै समेतलार्य चिप्काए जस्तै गरी छुटिन चाहिरहेका छैनन् । कोही चाहि भने सामान समेत राखेर बसेका छिन् । अलि परबाट एउटी काली डल्ली मोरीले आँखाको झटारो हान्दै छन् । रावणको विखालु वाणलाई राम चन्द्रले कटकट कोटे झैं निस्कीमी बनाउँन प्यत्नरत छ । केटाकेटी समेत लिएर आएका मानिसहरु विद्यार्थी कै आफन्त जन होलान । ती डल्ली मोरीको पनि सानी बच्ची रहिछन् ।

म पनि एकातिर उमाजीलाई राखेर देब्रेतिर अर्धनग्नकाले मायालाई ठाउँ छोडिदिए । नानीको बानी पनि राम्रै रहेछ । धन्यवाद अंग्रेजी भाषामा नै बोलिन । काला छाला भएपनि मन मस्तिष्कता मानवीय सम्वेदनासंग अलग हुन सक्दैन । चाहना र माया ममता विसाल पोखरी जताततै छता छुल्ल हुन्छ । माकुराको जाल जस्तै जताततै टाँसिन्छ । कै ले युरोपियनसंग टाँसिन्छ । कैले काला छाला युक्त युवक युवतीमा पनि साटासाट हुन्छ । माया, चाहना र जवानीको भाषा परिभाषा विश्व संसारका मानव प्राणीको अन्तराष्ट्रिय भाषामा नै रुपान्तरण हुन सक्दछ ।

उमाजीको रेष्टरुम तिर यात्रा भएको छ । एक जवान युवा म छेउ आएर थरक मार्दै छन् । मैले पनि आफ्नी श्रीमतीको ठाउँ भनेर रोक्न कोशिष नै गरिन । माथि नै भनियो । पिंध, टेकाउन चाहना अभिनेलाई नै थाहा हुन्छ । यसैले पर्खाइलाई एकछिन सहज र सुविधाजनक बनाउँदा खुशी स्वभाविक सिर्जना हुन्छ । अव भने एक बज्ने लाग्यो । तोकिएको समयमा शुरु हुन्छ होला । घोषणा शुरु भए जस्ता छ । कुइरेको बोली माइकबाट छरिन शुरु भयो । सायद कार्यक्रम शुरु हुन थालिसकेको खबर होला ।

हाम्रो नेपालको कार्यक्रम शुरु हुँदा प्रमुख अतिथिलाई लामै समय पर्खनु पर्छ । भर्खरै पनि चान्सलरको नाताले प्रम. झलनाथ खनाललाई बोलाइएको थियो । कामले गर्दा भ्याएनन्  र विश्व विद्यालय सभामा उपस्थित भएनन् । बरु विहामा, पसल उद्घाटन गर्न जान्छन् । राष्ट्रिय कार्यक्रममा भाग लिन भ्याउँदैनन् । तर यहाँ यस्तो नहोस । समयमा कार्यक्रम सकियोस् । कुइरेहरु माथिको हाम्रो विश्वास नगुमोस् ।

विहान एक समूहको दीक्षान्त समारोह कार्यक्रम रहेछ । उनीहरुको हालैमा सहियो । हुलहाल बढेको छ । कुइरे कल्चर एकले अर्काको गालामा गाला जोडेर शुभ कामना आदान प्रदान गर्दैछन् । यो पनि राम्रै हो । साना साना बच्चाबच्चीले पनि एम बी पास गरेको प्रमाण देखाउँदै छन् । दीक्षान्तको स्काफले नै योग्यता प्रदर्शन गर्दो रहेछ । निलो किनाराले पहेंलो भूइ एम वी को प्रमाण देखाउँदो रहेछ । चाइनीज र अफिकन पनि प्रशस्तै विद्यार्थी रहेछन् ? आफ्नो उत्साह र रोनकता रम्नु पाउनु पनि एउटा रमाइलै अवसर पनि हो । आफू पनि वरिपरिको हल्लामा आफ्नो लेख्ने काम बढाउँदैछु । सोफा छोड्न सकेको छैन । यहाँबाट उठनासाथ बस्ने ठाउँ पनि गुम्ने अन्त कतै जाने ठाउँ पनि रमाइलो नभेटिने । नराम्रो त छदैछ । कसै कसैलाई मुस्किल छ । पोखरामा भने झै उमाजीलाई चाहि मुस्किलै छ । केटाकेटी कता कता गए । असिमले भर्खरै दवाइ खाने पानी दिएर बाहिर तिर आफनै समूहमा हटाएको छ । छोरी त अघि देखि नै बाहिर चौरतिर साथीहरुसंग रमाई रहेकी छन् । कालीहरुका कुर्लिङ्गे केशमा चमेलीको तेल गन्ध आई रहेछ । महक गम्केको छ ।

(क्रमश:)